प्रधानमन्त्रीलाई विश्वासको मत नदिने जनमत पार्टीको निर्णय | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ५४ • २०८१ साल असार २८ गते शुक्रबार (12 July, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### बजेट विनियोजनमाथि छलफल

# आयोग, प्रतिष्ठान र बोर्ड खारेजको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । तत्कालीन जनता समाजवादी पार्टी नेपाल नेतृत्वको सरकारले गठन गरेको विभिन्न प्रतिष्ठान र आयोगले आफ्नो औचित्य सावित गर्न नसकेकोमा सांसदहरुले चिन्ता व्यक्त गरेका छन् ।

मधेशप्रदेशसरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले गठन गरेको प्रतिष्ठान र आयोगहरु ऐन विपरीत गठन गरेको र लक्ष्यविहीन अवस्थामा रहेको सांसदहरुको कथन छ ।

राउतले प्रतिष्ठान र आयोगहरु गठन गर्दा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको निर्देशनमा आफ्ना कार्यकर्ता तथा आसेपासे पाल्नकै लागि गठन गरिएको उनीहरुले आरोप लगाएका छन् ।

मधेश प्रदेश सभाको बैठकमा विनियोजन विधेयकमाथिको छलफलको क्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद राजेन्द्र प्रसाद चौधरीले प्रदेश सरकार मातहतमा गठित प्रतिष्ठान, आयोग तथा बोर्डहरू नियम विपरीत गठन भएको र पूर्ण रूपमा कामसमेत नगरेको धारणा राखे ।

उनले सो आयोग र प्रतिष्ठानहरुले गरेका कामहरूमा पनि अनेकौ गुनासाहरू आएका कारण ती आयोग र प्रतिष्ठानसमेत खारेज गर्न माग गरे । सांसद चौधरीले भने, ' मधेश प्रज्ञा प्रतिष्ठान, चलचित्र प्रवर्द्धन विकास बोर्ड, लोकसेवा आयोग र जनलोकपाल आयोग जस्ता मधेश प्रदेश सरकारद्वारा गठित




आयोगहरूले जिम्मेवारी पूरा गरेका छैनन्, त्यस्ता आयोगले आर्थिक भारसमेत थपेको छ, त्यसकारण यस्ता नियम विपरीत गठन भएका आयोग, प्रतिष्ठान र बोर्डहरू तत्काल खारेज गर्नुपर्छ ।'

आयोग, प्रतिष्ठान र बोर्डहरुले बजेट सिध्याउनका लागि अनाश्वयक कार्यक्रमहरुको आयोजन गर्ने गरेको गुनासो पनि अत्यधिक हुने गरेको छ।

सांसद चौधरीले बजेट विनियोजनमाथि छलफल गर्दै वर्तमान प्रदेश सरकारले परम्परागत शैलीमा बजेट ल्याएको आरोपसमेत लगाए। उनले विपन्न दलितका लागि आएको योजना जनता आवास कार्यक्रमको बजेट केही जिल्लामा छुटेकाले सो बजेटलाई पुनः ल्याउन पहल गर्न आग्रह समेत गरे ।

त्यस्तै सांसद लखनदास तत्माले सो छलफलमा मधेशमा सन्तुलित बजेट नल्याएको प्रति गुनासो व्यक्त गरे । उनले प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड रुपैयाँको बजेट विनियोजन हुने भनिए पनि त्यस अनुरूप कार्य नभएको बताए। बजेटमा अहिलेसम्म २५ प्रतिशत काम सही भएको भन्दै ७५ प्रतिशत काम अझै हुन बाँकी रहेको बताए । उनले नीति तथा कार्यक्रममा क्षेत्रीय विकासको दृष्टिकोणले पछि पारिएका क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा बजेट छुट्याउने भनिए पनि धनुषा निर्वाचन क्षेत्र नं. २ भारतीय सीमासँग जोडिएको र बाढीले क्षति पुऱ्याउने ठाउँ भए पनि सो क्षेत्रमा समेत समानुपातिक बजेट विनियोजन नहुनु दुर्भाग्यपूर्ण रहेको गुनासो गरे ।

त्यस्तै, सांसद रमिता प्रधानले मुख्यमन्त्रीले गरेको वाचा पूरा नगरेको भन्दै आक्रोश पोखे । उनले मुख्यमन्त्री सतीशकुमार सिंहले प्रत्येक निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिकलाई डेढ लाख बजेट विनियोजन गर्ने वाचा गरे पनि बजेट विनियोजनको कार्य पूरा नगरेको बताइन् ।

सांसद प्रधानले बजेट निर्माण क्रममा कम्प्यूटर सिस्टम ह्याकका कारण भएको त्रुटिलाई तत्काल समाधान गरिनुपर्ने माग समेत राखिन् । उनले भनिन्, ' योजना प्रविष्टमा ह्याक भएका कारण आएको त्रुटिलाई समाधान गर्न ढिलाइ नगरी सरकारको तर्फबाट भएको उक्त त्रुटिलाई चाँडै समाधान गर्नुपर्ने हो ।' प्राथमिकताका आधारमा बजेट छुट्याउन नसक्नेले सरकारले जनताको समस्या बुझ्ने विश्वासमा कमी आएका कारण मधेशमा संस्कार परिवर्तन गर्न आवश्यक रहेको प्रधानले बताइन् ।

त्यसैगरी जनता समाजवादी पार्टी नेपालका सांसद ललिता दासले पुरानो शैली र केन्द्रीय ढाँचामा बजेट प्रणाली ल्याइएको भन्दै बजेट व्यवस्था प्रणाली परिवर्तन गर्न आवश्यक रहेको बताए । उनले प्रत्येक मन्त्रालय अन्तर्गत भौतिक पूर्वाधार योजना राख्न आवश्यक नरहेको बताए ।

राजस्व र व्ययको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा मुख्यमन्त्री सतीशकुमार सिंहले छलफलमा उठेका प्रश्नहरूलाई जवाफ दिँदै सन्तुलित बजेट बनाउन प्रयासरत रहेको बताए । सदनमा उनले सांसदहरुको प्रश्नलाई आत्मसात गर्दै उनले भने, 'सिरहा र सप्तरी जिल्लामा जनता आवास कार्यक्रमको बजेटबारे पहल गरिनेछ ।' मुख्यमन्त्री सिंहले सम्पूर्ण निर्वाचन क्षेत्रका लागि सन्तुलित बजेट बनाउने तयारी भइरहेको बताए ।

सो प्रदेश सभाको बैठक यही शुक्रबार दिउँसो ११ बजेसम्मका लागि स्थगित गरिएको छ ।









# बाढीपहिरोबाट देशभर १३२ सडक प्रभावित

काठमाण्डु । बाढीपहिरोका कारण देशभर एक सय ३२ सडकखण्डको यातायात सेवा प्रभावित भएको छ । सडक विभागको तथ्याङ्कअनुसार आज



१३ सडकखण्ड पूर्णरुपमा तथा एक सय १९ सडकखण्ड एकतर्फी रुपमा सञ्चालनमा आएका छन् ।

विभागका प्रवक्ता सुनिल पोखरेलका अनुसार बिपी राजमार्ग, पृथ्वी राजमार्ग, पुष्पलाल (मध्य पहाडी) राजमार्गलगायत एक सय १९ सडकखण्डमा एकतर्फी रुपमा यातायत सेवा सञ्चालन भएको छ । डुम्रे-बैँसीसहर-चामे, विराटनगर-इटरी धरान, तानसेन-रिडी-कोरालालगायत सडकखण्ड पूर्णरुपमा अवरुद्ध छन् । जल तथा मौसम विज्ञान विभागले आगामी शनिबारसम्म मुलुकभर वर्षाको सम्भावना रहेकाले बाढीपहिरोको उच्च जोखिम रहेको जनाएको छ ।

विभागका अनुसार हाल मनसुन न्यून चापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा उत्तरतर्फ (नेपालको दक्षिण भूभाग/सिमाना आसपास) रहेको तथा उक्त रेखा अझ नेपालतर्फ सरेकाले आजदेखि नेपाल आसपास क्षेत्रको उपल्लो वायुमण्डलमा पश्चिमी न्यून चापीय प्रणाली विकसित भएको छ । यी दुबै प्रणालीको प्रभावले शनिबारसम्म नै नेपालमा मनसुन सक्रिय हुने सम्भावना छ ।

देशभर साधारणतया ण्बदली रही कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा तथा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा भारी वर्षा तथा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका केही स्थानमा समेत भारी वर्षाको सम्भावना छ ।

भू-क्षय, पहिरो तथा गेग्रानको जोखिम रहेको, सहरी तथा तराई क्षेत्रमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्नसक्ने भन्दै सतर्कता अपनाउन प्रवक्ता पोखरेलले आग्रह गर्नुभएको छ । दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन विभागले अनुरोध गरेको छ ।रासस

# बारामा बस दुर्घटना हुँदा दर्जन बढी घाइते



**टुडे समाचारदाता**

बारा । बारामा यात्रुवाहक बस दुर्घटना हुँदा १३ जना घाइते भएका छन् भने दुईको अवस्था गम्भीर रहेको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सहायक प्रवक्ता शैलेन्द्र थापाले मलंगवाबाट वीरगञ्जतर्फ जाँदै गरेको ना. ४ ख ७१९४ नम्बरको यात्रुवाहक बस बाराको जितपुर सिमरा उपमहानगरपालिका-१६ स्थित पसाहा पुन नजिकै बिहीबार दिउँसो अनियन्त्रित भई दुर्घटना भएको जानकारी दिए । सो गाडीमा १३ जना सवार थिए । दुर्घटनामा १३ जना घाइते भएका छन् भने दुई अवस्था गम्भीर रहेको उहाँले बताउनुभयो । उनले जानकारी अनुसार घाइते १३ जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ ।

सो दुर्घटनाबारे जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल नेपाल नं. ४० रिजर्भ गण बाराबाट खटिएको सुरक्षा फौज उनीहरूको उद्धार कार्यमा जुटेको थियो । गम्भीर घाइते भएको दुई जनालाई तत्कालै उपचारका लागि उक्त गणको गाडीद्वारा र अन्य घाइतेहरूलाई एम्बुलेन्सद्वारा सिमरा अस्पतालतर्फ लगिएको जनाइएको छ ।

# साङ्गठनिक कार्ययोजना परिमार्जनसहित पारित

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)केन्द्रीय सङ्गठन विभागको अठारौँ बैठकले पार्टी शुद्धीकरण तथा सुदृढीकरणका काममाकेन्द्रितहुनेगरीसङ्गठनसम्बन्धी वार्षिक कार्ययोजना पारित गरेको छ ।



पार्टीको केन्द्रीय कमिटीद्वारा जारी हुने वार्षिक कार्ययोजनाबाट निर्देशित भएर अन्तिम रूप दिनेगरी विभागको बैठकमा प्रस्तुत कार्ययोजना छलफलपछि परिमार्जनका साथ पारित गरिएको विभाग सचिव माधव ढुङ्गेलले जानकारी दिनुभयो । यही असार २५ र २६ गते एमालेका अध्यक्ष केपी शर्मा ओलीका प्रमुख आतिथ्यमा भएको विभागको बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शङ्कर पोखरेल उपस्थित हुनुहुन्थ्यो ।

एमालेमा गत जेठसम्ममा नेकपा (एमाले)का ६६ जिल्ला, तीन सय ७१ पालिका र दुई हजार एक सय ९९ वडा अधिवेशन सम्पन्न भइसकेका छन् । त्यसैगरी गैरभौगोलिक १० जिल्ला, एक सय १५ इलाका र एक सय ६६ शाखा तहका पार्टी कमिटीका अधिवेशन सम्पन्न भइसकेका छन् । एमालेको बुधबार सम्पन्न सचिवालयको बैठकले आगामी कात्तिकभित्र बाँकी ११ जिल्लाको अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको छ ।रासस

# ‘तनाव कम गर्न आफूलाई माया गर्न सिकौँ’

काठमाण्डु । नेपाल प्रज्ञा-प्रतिष्ठान, सामाजिक शास्त्र विभागद्वारा आयोजित ‘ भावनात्मक बुद्धिमता र तनाव



व्यवस्थापन’ विषयक कार्यक्रममा प्राज्ञ डा भागवत आचार्यले तनाव व्यवस्थापन गर्न आफूलाई माया गर्न सक्नुपर्ने बताउनुभएको छ ।

सो विषयमा कार्यपत्र प्रस्तुत गर्दै उहाँले भन्नुभयो, “हामीले अपेक्षा गरेका कार्यहरु पूरा नहुँदा तनाव हुने गर्दछ, तनावलाई जरैदेखि उखेलेर फाल्ने, तनावलाई स्वीकार गरेर अघि बढ्ने, छलफल गरेर निष्कर्ष निकाल्ने, आफैँलाई प्रेम गर्ने, मनको कुरा अरुलाई बाँड्ने गर्नुपर्छ ।” उहाँले धैर्यताले पनि तनाव व्यवस्थापनमा भूमिका खेल्ने भन्दै विपश्यनाले तनावलाई कम गर्न सहयोग गर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा प्रतिष्ठानका कुलपति भुपाल राईले भन्नुभयो, “तनावग्रस्त समाजले देशलाई अगाडि बढाउन सक्दैन, अहिले देशमा भ्रष्टाचार मौलाएको देखिन्छ त्यसले कसरी देशमा परिवर्तन आउन सक्छ ? मानव दिनचर्यासँग जोडिएको यो विषयमा छलफल गरिराख्नुपर्छ ।”

सदस्यसचिव डा धनप्रसाद सुवेदीले विश्वमा जति सुखसुविधा मानिसले भोग गरिराखे पनि तनाव व्यवस्थापनमा भने चुकेको बताउनुभयो । प्रतिष्ठानको सामाजिक शास्त्र विभागका प्रमुख डा कौशिला रिसाललगायत कार्यक्रममा प्राज्ञ परिषद् सदस्यको उपस्थिति रहेको थियो । रासस

# बाढीपहिरो प्रभावितलाई रेडक्रसको सहयोग




काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीले बाढीपहिरो प्रभावितलाई रु एक करोड ५० लाखको गैरखाद्य सामग्री आफ्ना जिल्ला शाखालाई पठाएको छ । रेडक्रसले त्रिपाल, कम्बल, म्याट्रेस, भाँडाकुँडालगायत सामग्री प्रभावित जिल्लामा पठाएको हो ।

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सुदर्शनप्रसाद नेपालका अनुसार विभिन्न सहयोगी निकायसँगको सहकार्यमा विपद्मा परेका तीन सय ७६ र रेडक्रसबाट दुई सय नौजनालाई तयारी खाना वितरण गरिएको छ । हालसम्म एक सय ९१ परिवारलाई त्रिपाल, एक सय चार परिवारलाई कम्बल र २२ परिवारलाई भाँडाकुँडा सेट वितरण गरिएको छ ।

बाढीपहिरोबाट प्रभावित क्षेत्रका पाँच सय ८५ जनाको उद्धार गरिएको अध्यक्ष नेपालले बताउनुभयो । वर्षाका कारण यही असार १२ देखि हालसम्म २७ जिल्ला प्रभावित भएको रेडक्रसले जनाएको छ । नेपाल रेडक्रसको आपतकालीन कार्य सञ्चालन केन्द्रबाट मनसुनको अवस्था र प्राप्त विवरणका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नियमित सूचना सम्प्रेषण भइरहेको रेडक्रसका महामन्त्री भूपतिलाल श्रेष्ठले जानकारी दिनुभयो । रेडक्रसले राष्ट्रियस्तरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र र अन्य सरोकारवाला निकाय तथा अन्तर्राष्ट्रिय रेडक्रस अभियानका सदस्य निकायमा सूचना सम्प्रेषण भइरहेको उहाँको भनाइ छ ।

बाढीको उच्च जोखिममा रहेका बाँके, बर्दिया र कैलालीका १२ पालिकमा रेडक्रसको अन्तर ाष्ट्रिय महासङ्घको विपद् प्रतिकार्य आपत्कालीन कोष (डिआरइएफ) को सहयोगमा बाढी पूर्वकार्य सञ्चालन भइरहेको रेडक्रसले जनाएको छ । रेडक्रसले मनसुनजन्य विपद्मा तत्काल आपत्कालीन प्रतिकार्यका लागि सातै प्रदेश र ७७ जिल्ला शाखामा तालिमप्राप्त जनशक्तिलाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । सबै प्रदेश र जिल्लामा मनसुन पूर्वतयारी र प्रतिकार्य सञ्चालनका लागि कार्ययोजनासहित अभिमुखीकरण कार्य सम्पन्न भएको रेडक्रसले जनाएको छ ।

गोदामघरमा राहत सामग्रीको भण्डारण र विपद् अतिजोखिम जिल्लामा पूर्वतयारीका लागि राहत सामग्री पठाइएको महामन्त्री श्रेष्ठले जानकारी दिनुभयो । राहत सामग्री भण्डारण गर्ने र आवश्यकतानुसार तत्काल प्रतिकार्यका लागि प्रदेश र जिल्ला शाखाबाट प्रदेश र स्थानीय तहमा समन्वय भइरहेको उहाँले बताउनुभयो ।रासस

# मनोरञ्जन क्षेत्रमा यौन हिंसा र शोषण

काठमाण्डु । मनोरञ्जनका क्षेत्रमा आबद्ध युवायुवती यौन शोषण, बाध्यात्मक श्रम र हिंसा व्यहोर्न बाध्य भएका प्रहरी अनुसन्धानबाट खुलेको छ । नेपाल प्रहरीको मानब बेचबिखन तथा अनुसन्धान ब्यूरोले चालु आर्थिक वर्षको हालसम्म मनोरञ्जन क्षेत्रमा वेश्यावृत्तिमा लगाउने १९ जनालाई पक्राउ गरेको छ ।



काठमाडौँका विभिन्न स्थानमा सञ्चालित डान्सबार, रेष्टुरेन्ट तथा गेष्टहाउसमा वेश्यावृत्तिमा लगाउने आठ पुरुष र ११ महिलालाई पक्राउ गरिएको ब्यूरोले जनाएको छ । ब्यूरोका प्रहरीले रातेपुल, गोङ्गबु, ठमेल, गौशाला, ललितपुर, चाबहिल, जडीबुटी, शिवचोक, तारकेश्वर, जोरपाटी, दीपज्योति, माछापोखरी, मित्रपार्क र नारायणटारलगायत क्षेत्रबाट निजहरूलाई पक्राउ गरेको ब्यूरोका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले जानकारी दिनुभयो ।

ब्यूरोको आयोजना तथा महिला सशक्तीकरण र हिंसा न्यूनीकरणका क्षेत्रमा क्रियाशील अनाहत नेपाल संस्थाको समन्वयमा सम्पन्न ‘आन्तरिक मानव बेचबिखनका नयाँ आयाम’सम्बन्धी कार्यक्रममा मनोरञ्जन क्षेत्रमा वेश्यावृत्तिमा लगाउने आठ पुरुष र ११ महिलालाई पक्राउ गरिएको जानकारी दिइएको हो ।

ब्यूरोको तथ्याङ्क अनुसार आन्तरिक बेचबिखन तथा वेश्यावृत्तिका घटनामा १५ पुरुष र ४४ महिला गरी ५९ जना पीडित देखिएका छन् । पछिल्लो तीन वर्षमा मानव बेचबिखनमा संलग्न पाँच सय २१ जना पक्राउ परेका ब्यूरोले जनाएको छ ।

ब्यूरोका प्रहरी नायब उपरीक्षक गोदारले मुख्यगरी गाउँबाट ठूला सपनाको प्रलोभनमा पारी मनोरञ्जन क्षेत्रमा ल्याई वेश्यावृत्तिलगायत कार्यमा लगाइँदा ती व्यक्ति विभिन्न शोषणमा पर्ने गरेका अनुसन्धानका क्रममा पाइएको बताउनुभयो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुनबमोजिमबाहेक मानिसको अङ्ग झिक्ने तथा वेश्यागमन गर्ने कार्यलाई मानव बेचबिखन मानेको छ ।

उक्त ऐनले मुलुक बाहिर हुने ओसारपसार र बेचबिखनका साथै मुलुकभित्र पनि एक ठाउँबाट अर्को ठाउँमा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै किसिमले ललाइफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, डर, त्रास, धाक, र धम्कीका आडमा हुने कार्यलाई सङ्गठित अपराध मानेको प्रहरी नायब उपरीक्षक गोदारको भनाइ छ ।

विश्वभरिका तीन ठूला सङ्गठित अपराधमध्ये मानव बेचबिखन एक मुख्य अपराधका रूपमा रहेको छ । नेपाली समाजमा अहिले मानव बेचबिखन सुसुप्त ढङ्गले सञ्चालित भएको प्रहरीको अनुमान छ ।अनाहत नेपालका कार्यक्रम व्यवस्थापक सञ्जय ढकालले मानव बेचबिखनको आन्तरिक आयामका बारेमा धेरै चर्चा नभएकाले विभिन्न प्रलोभनमा पारी किशोरीलाई व्यावसायिक केन्द्रमा ल्याई वेश्यावृत्तिमा लगाउने गरिएको बताउनुभयो । आन्तरिक बेचबिखनमा पर्ने किशोरी मुलतः १३ देखि १७ वर्ष समूहका रहेका उहाँले बताउनुभयो ।रासस

# संविधान संशोधन कुनै एक पार्टीले मात्र चाहेर हुँदैन : महामन्त्री थापा

विराटनगर । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कुनै एक राजनीतिक पार्टीले चाहेर मात्र संविधान संशोधन नहुने बताउनुभएको छ ।



विराटनगर विमानस्थलमा विहिबार सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्दै महामन्त्री थापाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई असर पर्ने गरी संविधान संशोधन नहुने बताउनुभयो । “दश वर्षको अवधिमा संविधान कार्यान्वयन गर्दै जाने क्रममा देखिएका त्रुटिलाई सच्याउन सबै राजनीतिक दलको साथ र समर्थन आवश्यक पर्छ”, उहाँले भन्नुभयो । महामन्त्री थापाले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसका शीर्षनेताबीच भएको सात बुँदे समझदारी पालना गरिने बताउनुभयो ।

पहिलो चरणमा एमालेकै नेतृत्वमा सरकार बन्ने उहाँको भनाइ थियो । महामन्त्री थापाले सात बुँदे समझदारीबारे पार्टीको कार्यसम्पादन समितिमा बृहत् छलफल भएको र यसलाई पार्टीले स्वीकार गरेको उल्लेख गर्दै लिखित समझदारीलाई कसैले पनि हलुका रुपमा लिन नहुने बताउनुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शशाङ्क कोइरालाले नेपाली कांग्रेस र नेकपा एमाले मिलेर राष्ट्रिय सरकार बने पनि प्रतिपक्ष कमजोर बन्न नहुने बताउनुभयो । उहाँले प्रतिपक्ष कमजोर भए सत्तापक्ष निरङ्कुश बन्न सक्ने उल्लेख गर्दै संविधानको अक्षरसः पालना गर्दै त्रुटि सच्याउँदै जानुपर्ने बताउनुभयो । संविधानको मूल मर्ममा कुनै संशोधन नहुने उहाँको भनाइ थियो ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेस प्रदेशमा रासायनिक मलको अभाव नहुने

वीरगञ्ज । मेधश प्रदेशमा यसवर्ष रासायनिक मलको अभाव नहुने भएको छ। रासायनिक मल वितरण गर्दै आएका साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र कृषि सामग्री कम्पनी लिमिटेडले कम्पनीसंग यथेष्ट मल मौज्दात रहेका जनाउँदै मलको अभाव नहुने दाबी गरेका हुन् ।

रासायनिक मल कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङले ३० प्रतिशत आयात गरेर अनुदानबापत कम मूल्यमा किसानलाई मल उपलब्ध गराउँदै आइरहेका छन्। पछिल्लो समय कृषि सामग्री र साल्ट ट्रेडिङले रासायनिक मलखादलाई खेतीयोग्य जमिनको क्षेत्रफल,विगत आवको मलको खपतको अभिलेख र बाली सघनताको आधारमा स्थानीय तहअनुसारको कोटाअनुसार रासायनिक मलको बाँडफाँट गर्दै आइरहेका छन्।



साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रादेशिक कार्यालय प्रमुख आमोज लामिछानेले विगतको यस वर्ष रासायनिक मलको समस्या नहुने दाबी गर्नुभयो। "गत आवमा भन्दा चालु आवमा आठ हजार आठ सय ४५ दशमलव १५ मेट्रिक टन धेरै मल वितरण भइसकेको छ । त्यसैले पनि विगतको वर्षमा जस्तै यो वर्ष रासायनिक मलको समस्या नहुने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो।

कार्यालयले २०८१ असार २४ गतेसम्मको अवधिमा कार्यालयले मधेस प्रदेशमा युरिया, डिएपी र पोटास गरी कूल ५२ हजार छ सय ५२ दशमलव ३५ मेट्रिक टन रासायनिक मल मधेस प्रदेशका आठ जिल्लामा वितरण गरिसकेको छ।

यसमा युरिया मलको हिस्सा २७ हजार छ सय १४ दशमलव २५ मेट्रिक टन, डिएपी मलको हिस्सा २३ हजार छ सय ८७ दशमलव ७० मेट्रिक टन र पोटास मलको हिस्सा भने १३ सय ६१ दशमलव ४० मेट्रिक टन रहेको छ।

गत आवमा प्रादेशिक कार्यालयले तिनै थरिका मल ४३ हजार आठ सय ७ दशमलव २० मेट्रिक टन वितरण गरेका थियो। यसमा युरियामल ३१ हजार पाँच सय ८३ दशमलव ५५ मेट्रिक टन, डिएपी मल १२ हजार दुई सय एक दशमलव ३० मेट्रिक टन र पोटास मल २२ दशमलव ३५ मेट्रिक टन वितरण गरिएको थियो।

कार्यालयले मधेस प्रदेशका एक हजार दुई सय ७० वडामा एक हजार २९ डिलरमार्फत मल उपलब्ध गराउँदै आइरहेको छ। साल्ट ट्रेडिङले देशभरिका लागि खरिद गर्ने कूल मलमध्ये मधेस प्रदेशका लागि २६ दशमलव ५० प्रतिशत मल वितरण गर्ने गरिन्छ। त्यस्तै कोशी प्रदेशका लागि २१ दशमलव ५ प्रतिशत, लुम्बिनी प्रदेशका लागि २० दशमलव ६ प्रतिशत, बागमती प्रदेशका लागि १४ दशमलव ८० प्रतिशत र सुदूरपश्चिम प्रदेशका लागि ९ दशमलव ७० प्रतिशतको कोटा निर्धारण गरेको छ । त्यस्तै कर्णाली प्रदेशको लागि दुई प्रतिशत कोटा तोकिएको छ । यसैगरी कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका कायममुकायम (कामु) प्रमुख दुर्गाप्रसाद पाण्डेयले गत आर्थिक वर्षको तुलनामा चालु आवमा मलको आयातमा वृद्धि भएकाले पनि मधेस प्रदेशमा रासायनिक मलको समस्या नहुने दाबी गर्नुभएको छ । "कार्यालयले गत आवको तुलनामा चालु आवमा आठ हजार छ सय ४५ मेट्रिक टन रासायनिक मल धेरै प्राप्त गरेको छ", उहाँले भन्नुभयो, "अन्य वर्षमा जस्तो यो वर्ष मलको चर्को अभाव नहोला कि भन्ने लागिरहेको छ।"

> नेपाल किसान महासंघ पर्साका पूर्वअध्यक्ष असर्फी साह समग्रमा मधेस प्रदेशमा रासायनिक मलको अभाव भने कायमै रहेको गुनासो गर्नुभयो ।

कार्यालयले चालु आवको असार ११ गतेसम्मको अवधिमा युरिया, डिएपी र पोटास गरी कूल ९५ हजार दुई सय तीन दशमलव ४० मेट्रिक टन रासायनिक मल प्राप्त गरिसकेको छ।

जसमा युरिया मल ६० हजार छ सय ८२ दशमलव २५ मेट्रिक टन, डिएपी मल भने २८ हजार नौ सय ६३ दशमलव ४० मेट्रिक टन र पोटास मल भने पाँच हजार पाँच सय ५७ दशमलव ७५ मेट्रिक टन रहेको छ।

कार्यालयले चालु आवमा प्राप्त भएको मलमध्ये हालसम्म ८४ हजार चार सय २७ दशमलव ५० मेट्रिक टन मल मधेस प्रदेशसहितका अन्य जिल्लामा पठाइसकेको छ । प्रादेशिक कार्यालय वीरगञ्जले मधेस प्रदेशका छ जिल्लामा पर्सा, बारा, रौतहट, महोत्तरी, धनुषा, सर्लाही जिल्लामा मल उपलब्ध गराउने गर्छ । तर, तराईका सिरहा र सप्तरी जिल्लामा भने कोशी प्रदेश कार्यालय मातहतको कार्यालयबाट वितरण गर्ने गरिन्छ।

सो कार्यालयले आव २०७९/८० मा युरिया, डिएपी र पोटास गरी ८६ हजार पाँच सय ५८ दशमलव ७५ मेट्रिक टन रासायनिक मल प्राप्त गरेको थियो। यसमा युरिया मलको हिस्सा ५५ हजार दुई सय ९७ दशमलव ६०० मेट्रिक टन, डिएपी मलको हिस्सा ३० हजार सात सय ६१ दशमलव १५ मेट्रिक टन र पोटास मलको हिस्सा पाँच सय मेट्रिन टन रहेको थियो। कार्यालयले गत आवमा प्राप्त भएकोमध्ये ७२ हजार आठ सय २६ मेट्रिक टन मल आफ्नो मातहतका १७ जिल्लामा पठाएको थियो। सो कार्यालयले मधेस प्रदेशको अलावा बागमती प्रदेशका सात जिल्लामा पनि रासायनिक मल उपलब्ध गराउँदै आइरहेको छ। जसमा सिन्धुली, काभेपञ्लाचोक, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, काठमाडौँलगायतका जिल्लामा पठाउने गर्छ। त्यस्तै गण्डकी प्रदेशका पर्वत, कास्की, तनहुँ र गोरखा जिल्लामा पठाउने गर्छ। कार्यालयमा अहिले थप प्राप्त भइरहेको युरिया ११ हजार आठ सय मेट्रिक टन र डिएपी नौ हजार पाँच सय मेट्रिक टन रहेको छ।

**अनुदानको मलको कोटा बढाउनुपर्छ : किसान महासंघ**

नेपाल किसान महासङ्घ पर्साका पूर्वअध्यक्ष असर्फी साह समग्रमा मधेस प्रदेशमा रासायनिक मलको अभाव भने कायमै रहेको गुनासो गर्नुभयो। "सरकारी निकायले पर्याप्त मात्र उपलब्ध गराएको दाबी गरे पनि कृषकले भने अहिले पनि मल अभावको समस्या खेपिरहेका छन्", उहाँले भन्नुभयो, "सरकारी निकायले कोटा निर्धारण गरेर उपलब्ध गराउँदै आइरहेका छन्। तर, कृषकले भने पारदर्शी ढङ्गले मल भने प्राप्त गर्न सकिरहेका छैनन्।" उहाँले धान रोपाइँ गर्नका लागि किसानले मागका आधारमा मल पनि पाउन नसकेको दाबी गर्नुभयो।

पर्साको पटेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतो पनि सरकारले किसानको मागअनुसारको मल उपलब्ध गराउन माग गर्नुभयो । "सरकारी अनुदानको मलले ५० प्रतिशत मात्रै थेग्ने गर्छ", उहाँले भन्नुभयो, "अन्य मल किसान आफैँले जुगाड गर्नुपर्ने हुन्छ।" कामु प्रमुख पाण्डेयले मलको आयात कम र कृषकले धेरै मलखाद प्रयोग गर्ने भएकाले पनि मलको समस्या हुने गरेको बताउनुभयो। "सरकारले प्रति कट्ठा तीन किलोग्राम मल प्रयोग गर्नुपर्ने मापदण्ड तोकेको छ। तर, कृषकले प्रति कट्ठा छ किलोग्रामभन्दा धेरै मल प्रयोग गर्नाले पनि अभाव हुने गरेको हो।" उहाँले भन्नुभयो।रासस

# बस्ती पस्दैछ बलान नदीको बाढी

सिरहा। सिरहा र सप्तरीको सिमानामा बग्ने बलान नदीको बस्तीमा पस्ने गरेको छ। चुरे मूल भएको यो नदीमा सर्रे, खुट्टी र मुतनी, झिझिर, चहकालगाएतका सानाठूला खोला मिसिन्छन्। वर्षातमा नदी आसपासका सिरहा र सप्तरीका कयौँ बस्ती डुबानमा पर्ने गरेका छन्।

"जमिनको लालपुर्जा छ, तर जमिन छैन। दशकौँदेखि गरिखाने गाउँ बलान नदीको बाढीको चपेटामा छन्।

लहान नगरपालिका-३, ४, ५, ९, १०, १९ र २३, सखुवानन्कारकट्टी गाउँपालिका-३ र ४ अन्तर्गत परिहारपुर, इटहर्वा, सिम्राहा, सखुवा, तिलेबोना तथा भगवानपुर गाउँपालिका-१, ३ र ४ वडामा पर्ने भगवानपुर, लालपुर, कल्याणपुर, सिनुरिया र मरिकटोल बाढी, डुबान र कटानको जोखिममा रहेका सखुवानन्कारकट्टी



जमिन बाढीले बगायो", लहान नगरपालिका–२३ बसनपुरका गङ्गाप्रसाद यादवले भन्नुभयो।

यादवको करिब १५ वर्षअघिसम्म तीन बिघा खेत थियो। बलान नदीले उर्वर जमिन बर्सेनि कटान गरेपछि अहिले उहाँको बिचल्ली भएको छ। आठ कट्ठा आँपको बगैँचा रहेको जग्गा पछिल्लो दुई दिनमा बाढीले कटान गऱ्यो।

बाढीले जग्गा कटान गरेपछि सञ्जयकुमार यादवको अवस्था पनि गङ्गाप्रसादको जस्तै छ। बाढीले १० बिघा जमिन कटान गरेको उहाँको भनाइ छ। बाढीले बाँकी रहेको घर जग्गा बगाउने उहाँले चिन्ता व्यक्त गर्नुभयो। सञ्जय र गङ्गाप्रसादको जस्तै बलान नदी तटीय क्षेत्रका सयौँ परिवारको बिचल्नी छ। इटहर्वा, भगवानपुर, तिलेबोनालगायत गाउँपालिकाका-४ का हरिलाल यदवले जानकारी दिनुभयो। बाढीले बसनपुरमा २२ बिघा, भगवतीपुर मौजीमा ५१ बिघा र सिम्राहा मौजीमा ८४ बिघा उर्वर खेत कटान गरिसकेको छ। चुरे दोहनका कारण नदीले धार परिवर्तन गरेको स्थानीय बताउँछन्। "जमिन कटानपछि बाढी गाउँ पस्ने गरेको छ", स्थानीय मुशहरु यादवले भन्नुभयो।

बलान नदी नियन्त्रणका लागि पहल भएपनि कटानको समस्या समाधान हुन नसकेको लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बताउनुभयो। "नगरपालिकाले चालु आर्थिक वर्षमा मात्र रु ५० लाखको तारजाली र ढुङ्गा बिछ्याएको छ, तर समस्या उस्तै छ", उहाँले भन्नुभयो।रासस

# श्रीलङ्का र बङ्गलादेशी पर्यटकलाई उनीहरुकै मुद्रामा भुक्तानीको सुविधा दिनुपर्छ'

काठमाण्डु। सरोकारवालाहरुले होटललाई विदेशी मुद्रा सटही सुविधामा लगाइएको सीमा बढाउनुपर्ने, होटललाई उद्योग सरहको मान्यता दिनुपर्ने तथा कर्जाको पुनःसंरचना तथा पुनःतालिकीकरण गर्नुपर्ने माग गरेका छन्।

विहिबार आयोजित अन्तरक्रियामा होटल सङ्घ नेपालअन्तर्गतको पाँच तारे उपसमितिका संयोजक शशिकान्त अग्रवालले होटलले प्राप्त गरेको विदेशी मुद्रा सहटी सुविधामा सीमा तोक्न नहुनेमा जोड दिनुभयो। "हामीले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष माग राखिसकेका छौँ, हाल प्रतिपर्यटक प्रतिदिन तीन सय अमेरिकी डलर सहटीको सुविधा रहेकोमा त्यसलाई दुई हजार डलर बनाउनु आवश्यक छ", संयोजक अग्रवालले भन्नुभयो । उहाँले हालको तीन सय डलर सटहीको सुविधा 'हाइ इन्ड' पर्यटकका लागि पर्याप्त नहुने उल्लेख गर्नुभयो।

उहाँले पर्यटन क्षेत्रलाई पनि उद्योग सरहको मान्यता दिन ढिलाइ गर्न नहुने बताउनुभयो। "पर्यटन क्षेत्रलाई उद्योगको मान्यता दिने प्रक्रिया अर्थमन्त्रालयमा पुगेर अड्किएको छ, उक्त प्रक्रिया तुरुन्त अगाडि बढाउनुपर्छ", उहाँले भन्नुभयो । पर्यटन क्षेत्रले उद्योगको मान्यता प्राप्त गरेमा विद्युत् महसुल र बैंकको कर्जाको ब्याजदर सहुलियत दरमा उपलब्ध हुने उहाँले उल्लेख गर्नुभयो । "अहिले हामीले घरायसी शुल्क सरह विद्युत् महसुल बुझाइरहेका छौँ", उहाँले भन्नुभयो, "उद्योगको मान्यता पाए कम शुल्क बुझाए पुग्छ।"

संयोजक अग्रवालले भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थल चाँडोभन्दा चाँडो प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्ने, विमानस्थलमा 'ड्युटी फ्री' पसल राख्नुपर्ने र पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक निर्माण, मर्मत तथा स्तरोन्नतिलाई प्राथमिकता राख्नुपर्ने आवश्यक रहेको बताउनुभयो।

त्यसअवसरमा हानका प्रथम उपाध्यक्ष प्रवीण पाण्डेले खर्चालु पर्यटकलाई खर्च गर्ने वातावरणमा कानुन बाधक भएको दाबी गर्नुभयो । उहाँले सार्क मुलुकका पर्यटकको सङ्ख्या बढाउन भारतीय पाँच सयका नोट प्रचलनमा ल्याउनुपर्ने तथा श्रीलङ्का र बङ्गलादेशी पर्यटकले उनीहरुकै मुद्रामा भुक्तानी गर्न पाउनुपर्ने व्यवस्थाका लागि सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो । "अहिले भारतीय पर्यटकलाई बढीमा २५ हजार भारु ल्याउन पाउने नियम छ, त्यसमा पनि पाँच सय दरका नोट नेपालमा प्रचलन छैन", उहाँले भन्नुभयो, "सरकारले नेपाल भित्रिने भारतीय पर्यटकलाई बोक्न पाउने मुद्राको सीमा दुई लाख बनाउनुपर्छ।"



उहाँले बैंक तथा वित्तीय संस्थाले पर्यटन व्यवसायलाई विशेष प्राथमिकतामा राखेर प्रदान गरिने कर्जाको आधार दरमा एक प्रतिशतभन्दा प्रिमियम नबढ्ने गरी ब्याजदर कायम गर्दै प्रोत्साहन नीति लिनु आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले विद्युतीय सवारी, विद्युतीय चुल्हो प्रयोग गर्ने होटललाई हरित ऊर्जा कोष स्थापना गरी सहुलियत दिनुपर्नेमा जोड दिनुभयो ।हानका द्वितीय उपाध्यक्ष दिनेश तुलाधरले कोरोना महामारी सकिएको तीन वर्ष पुगे पनि होटल क्षेत्रमा यसको असर अझै रहेकाले राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमार्फत समस्या सम्बोधन गर्नुपर्ने माग गर्नुभयो।

"कोरोना महामारीको असर अझै रहेकाले होटललाई नियमित किस्ता र ब्याज भुक्तानीमा समस्या छ। वित्तीय अवस्थाअनुसार विशेष व्यवस्था गरी व्यवहारिक रुपमा बैंक तथा ऋणीहरुलाई सहज हुने गरी लगानीको अनुपातमा कर्जाको साँवा व्याज भुक्तानी गर्न पाउने व्यवस्था हुनुपर्छ", उहाँले भन्नुभयो, "होटलको लगानीको आकार हेरी साँवा र ब्याज भुक्तानीको समयावधि तीन वर्ष गरिनु उपयुक्त हुन्छ।

"उहाँले कर्जाको पुनःसरचना तथा पुनःतालिकीकरण गर्दा कर्जा र पुँजीको अनुपात तोकेको अवस्थाभन्दा कम हुन गएमा समयावधि बढाई कम्तीमा पनि तीन वर्षभित्र सो अनुपात पूरा गर्ने सर्तमा कर्जा पुनःसंरचना तथा पुनःतालिकीकरण आवश्यक रहेको बताउनुभयो।

उहाँले भारतीय पर्यटकलाई फोन पे जस्ता विद्युतीय भुक्तानी कार्यान्वयनमा ल्याई सहजीकरण गरिनुपर्नेमा जोड दिनुभयो । क्रेडिट कार्डमा लाग्ने तीन प्रतिशत कमिसन बढी भएकाले यसलाई घटाउन उहाँले माग गर्नुभयो। कतिपय क्रेडिटकार्ड नेपालमा नचल्ने हुँदा भारतीय समकक्षीसँग समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो।

त्यस अवसरमा मेची क्राउन प्लाजाका सञ्चालक बलराम सापकोटाले क्यासिनोका लागि नेपाल भित्रिने भारतीय पर्यटकलाई खर्च गर्ने सीमा तोकिनु नहुने गरी खर्च गर्ने दायरा बढाउनु आवश्यक रहेकोमा जोड दिनुभयो।रासस

# अर्थमन्त्रालय लगायतसँग सहकारी छानविन संसदीय विशेष समितिको छलफल

काठमाण्डु । प्रतिनिधिसभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले संसद्ले दिएको कार्यादेशअनुसार विहिबार अर्थमन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व न्यायाधीकरणलगायतसँग छलफल गरेको छ।

छलफलका क्रममा ती निकायका अधिकारीले सहकारी सिद्धान्तका आधारमा नचल्दा समस्या आएको, चिनजान भएकासँग सहकारीका सञ्चालकले लेनदेन गर्ने गरेको, स्वनियमन भनिए पनि हुन नसकेको, बचत तथा ऋण सहकारीमा स्रोत नखुलेको करोडौँ



रुपैयाँ अपारदर्शी रुपमा राखिएको, ऐन, नियमका प्रावधान पालना नभएका कारण सहकारीमा समस्या आएको बताएको समिति सदस्य ईश्वरी न्यौपानेले जानकारी दिनुभयो। समितिले सरोकार भएका निकायसँग कागजात मगाएर, ती निकायका अधिकारीको भनाइ सुन्ने, बुझ्नेगरी अध्ययन गरिरहेको सचिव बबिता मिश्रले राससलाई जानकारी दिनुभयो । छलफलको क्रम निरन्तर रहेको समितिले जनाएको छ। प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसको लामो विरोधपछि संसद्बाट एक महिनाअघि समस्या देखिएका सहकारीका विषयमा अध्ययन गर्न समिति गठन भएको थियो। समितिलाई समस्यामा परेका बचतकर्ताको रकमका बारेमा अध्ययनगरी सिफारिस गर्ने, बचत फिर्ताको अवस्था कहाँ पुगेको छ, त्यसको अध्ययन गर्ने, रकम हिनामिना भएको भनिएका सहकारीबाट गोरखा मिडिया नेटवर्कमा रकम पठाउँदा कानुनबमोजिम प्रक्रिया पूरागरी भए, नभएको अध्ययन गर्नेलगायत जिम्मेवारी दिइएको छ।रासस

# वर्षाको अध्ययन गर्न विज्ञ टोली खटाइयो

काठमाण्डु। पश्चिम नेपालको कञ्चनपुरमा 'रेकर्ड ब्रेक' भएको वर्षाबारे जल तथा मौसम विज्ञान विभागले अध्ययन गर्न लागेको छ।

विभागले विहिबारै त्यसतर्फ विज्ञसहितको टोली अध्ययनका लागि खटाएको छ। विभागका वरिष्ठ मौसमविद् इन्दिरा कँडेलको नेतृत्वमा विहिबारै टोली कञ्चनपुर गएको हो।

कँडेलका अनुसार त्यहाँको वर्षा मापन केन्द्रको अवस्था, वस्तुस्थिति तथा प्राविधिक पक्षको अध्ययन गरिनेछ। कतिपय अवस्थामा वास्तविकतामाथि प्रश्न उठेकाले वास्तविक के कस्तो हो, यन्त्र उपकरण ठीक छ छैनलगायत सबै विषयमा अध्ययन गरिने उहाँले बताउनुभयो। अध्ययनका क्रममा त्यस क्षेत्रको क्षतिको अवस्थासहित स्थानीय पालिकाका प्रतिनिधि, स्थानीय तथा सरकारी अधिकारीसँग जानकारी लिइने जनाइएको छ। पानीपर्दाको अवस्थामा स्थानीयको अनुभव लिइनेछ।

कञ्चनपुरको दोधारा, हनुमाननगर र सुन्दरपुर क्षेत्रमा यही असार २३ र २४ गते परेको मुसल्धारे वर्षाले ७८ वर्षकै रेकर्ड ब्रेक गरेको थियो। त्यहाँ विभागले स्वचालित वर्षा मापन केन्द्र स्थापना गरेको छ।सो क्षेत्रमा २००३ सालयताकै बढी वर्षा मापन भएको थियो। विभागबाट प्राप्त विवरणअनुसार दोधारामा छ सय २४ मिलिमिटर, हनुमाननगरमा पाँच सय ७३ दशमलव छ मिलिमिटर तथा सुन्दरपुरमा पाँच सय ५५ दशमलव आठ मिलिमिटर वर्षा मापन गरिएको थियो।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।

टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अलच्छिन ल्याउन खोज्नु हुँदैन

परिवर्तन समृद्धिका लागि हुन्छ । त्यसलाई मूर्त रुप दिन योजना तर्जुमा गरिन्छ । जनता , राष्ट्र , संरचनालाई ध्यानमा राख्दै समृद्धिका पाइला अगाडि बढाउने खाका तयार हुन्छ । कुनै पनि प्रणालीको , सत्ताको सफलता पनि त्यसैसँग गाँसिएको हुन्छ । क्षण -क्षणमै सत्ताका लागि होड घातक पक्ष मानिन्छ । मान्नु पनि पर्दछ ।लोकतन्त्र , संघयि प्रणाली भनेको अस्थिरता , स्वेच्छाचारिता , अवसरवादिता , कुशासन जस्ता कुराको अन्त्य हो । लोककल्याणकारी योजनामा जनताको सपनालाई साकार तुल्याउने पक्षको अनिवार्यता सफल प्रणालीको सूचक मानिन्छ । सत्ताका नेतृत्व पक्षले यी यथार्थताको भावभूमिमै शासन सञ्चालन गर्नु पर्छ । जनताको पीडा , समस्यालाई नारामा मात्र सीमित नराखी समाधानका पक्षमा उभिनु कुनै सत्ता सञ्चालनका लागि संजीवनीको कार्य गर्छ । यहाँ यी विपरीत भावका गतिविधिमै शासन सञ्चालन अत्यधिक हुने गरेका कारण सरकार परिवर्तन , विश्वासको मत , गठबन्धन , समीकरण , साझेदारी जस्ता शब्दको प्रयोग सुन्नु परिरहेको छ । अभिमतको कदरभन्दा सख्यात्मकमा राजनीतिको यात्रा भइरहेका कारण यहाँ वर्षभर पनि एक दलले कार्यकाल पूरा गर्न नसक्नु यसकै दुखद परिणाम हो । त्यसमा पनि सत्ताका नेतृत्वकर्ताले सानो अवधिमा जनताको हितभन्दा जनतालाई समस्याको भारी बोकाउने खालको नीति ल्याएर बाध्य पार्ने गरिएको छ। जन्मदेखि मृत्युसम्मको प्रमाण पत्र बनाउनमै समय बर्वाद गर्नु जनताको नियति बन्नु गम्भीर सवाल हो। यहाँ जन्म प्रमाणपत्र , अध्ययन प्रमाण पत्र , चरित्र प्रमाण पत्र , नागरिकता प्रमाण पत्र , राष्ट्रिय पचिय पत्र , कर्मचारी परिचय पत्र , सवारी पचिय पत्र ,कृषक परिचय पत्र , अपांगता , राहदानी पत्र , एकल महिला परिचय पत्र , मतदाता परिचय बनाउनमै समयको बर्बादीका उदाहरणहरु हुन् । नागरिकता र राष्ट्रिय परिचय पत्रका लागि टोकन लिन घण्टौं लाइनमा कुर्नु पर्ने अवस्था रहेको यथार्थलाई सत्ता सञ्चालकलाई बाध्यकारी बनाउने घोषणालाई जनादेशको सम्मान मान्न सकिदैन । सरल , सुलभ किसिमले मापदण्ड पूरा गरी यी पत्रहरु उपलब्ध गराउनु सरकारको दायित्व हो तर प्रमाण पत्र र परिचय पत्रकै अनिवार्यताको भूँवरीमा समय बिताउनु पर्ने नियति बनाउनु दूरगामी र सफल घोषणा मान्न सकिदैन । सरकारले निरकुश , जालभेल ,सोच र अलच्छिन ल्याउन खोज्नु हुँदैन ।

# जनसाख्यिक स्थितिको लेखाजोखा



ढुण्डिराज लामिछाने

विहिबार विश्व जनसंख्या दिवस अर्थात् जुलाई ११ को मूल नारा 'समावेशी तथ्याङ्कको शक्तिलाई अँगालेर सबैका लागि सुदृढ र समतामूलक भविष्यतर्फ' भन्ने रहेको छ। आज विश्वको जनसंख्या करिब आठ अर्ब १३ करोड पुगेको छ। आज विश्वभरि नै भावी जनसंख्या तथ्याङ्कको चित्रणको गर्ने प्रयास भइरहेको छ । तीस वर्षअघि जनसंख्या विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वले मानिसहरूलाई विकासको केन्द्रमा राख्ने सहमति जनाएको थियो । खासगरी महिलाको पहुँचले प्रजनन हेरचाह सुधार गर्ने, मातृ मृत्युमा कमी ल्याउने र लैङ्गिक समानतामा सुधारहरू गर्ने अनुमान गरिएको छ । यी विषयहरू हासिल भए नभएको मूल्याङ्कन र थप सुधार गर्न आवश्यक पर्छ गुणस्तरीय तथ्याङ्क।

विश्व जनसंख्या दिवस मनाइरहँदा पछिल्लो तीन दशकको अवधिमा तथ्याङ्क सङ्कलन र विश्लेषणमा भएका सुधारका साथै प्रविधिमा भएका प्रगतिको कारण तथ्य र प्रमाणमा आधारित नीति निर्माण प्रक्रियामा थप व्यापकता र आम सर्वसाधारणको लागि तथ्यगत सूचनाको उपलब्धता बढेको छ। यसले गर्दा संसारभरिका मानिसले स्वस्थ प्रतिस्पर्धा, अधिकारको उपयोग र विकल्पहरूको छनोट गर्न सक्षम भएका छन्।

विश्व जनसंख्या दिवस मनाइरहँदा देश, समाज र नीति निर्मातालाई अवसरको रूपमा लिन उत्प्रेरणा जगाएको छ। यस अवधिमा तथ्याङ्क सङ्कलन, विश्लेषण र सम्प्रेषणमा भएको सुधारको उत्सव मनाउने मात्र नभएर के हामीले सही प्रश्नको माध्यमबाट सही र भरपर्दो सूचनाहरू तयार गर्न सक्छौं ? के हाम्रो तथ्याङ्क सङ्ग्रह सबै मानिसहरूका लागि सुरक्षित छ ? अझै पनि कोही गणनामा छुटिरहेको र जिम्मेवार नभएको छ ? यी विषयहरूमा नीति निर्माता तथा राजनैतिक व्यक्तित्वहरुबीच चर्चा परिचर्चा गर्नुपर्ने दिन हो- विश्व जनसंख्या दिवस।

नेपालको सन्दर्भमा जनसंख्या तथ्याङ्कको उपयोगिता संवैधानिक तथा कानुनी रूपमा निकै महत्त्वपूर्ण रहेको छ । जनसंख्या विकासको भाजक पनि हो । विकासको प्रतिफल जनसंख्याले उपभोग गर्ने हो । जनसंख्यालाई आधार नमानि गरिएका विकास कार्यहरु कि असफल हुन्छ कि दिगो रूपमा सञ्चालन हुन सक्दैनन्। जनसंख्या तथ्याङ्कको राजनैतिक तथा संवैधानिक महत्व रहेको छ।

संविधानमा सङ्घीय, प्रदेश तथा स्थानीय सरकार सञ्चालन, जिल्ला, नगरपालिका, गाउँपालिकाको विकास अनुदानको आधार हुने, सामाजिक सुरक्षा (वृद्ध भत्ता, अल्पसंख्यक, एकल महिला, बालविकास अनुदान आदि) तथा अन्य लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न, निर्वाचन क्षेत्र निर्धारण, व्यवस्थापिका संसदको आधार अर्थात सभासद्हरुको संख्या निर्धारण, नगर तथा गाउँपालिकाको वर्गीकरण गर्न आदि कार्यमा प्रयोग हुने कुरा संविधानमा उल्लेख भएको छ । महिला, पुरूष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, सीमान्तकृत समूहहरू, पिछडिएको क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरू, धार्मिक अल्पसंख्यक तथा सामाजिक मूलप्रवाहीकरणमा नपरेका व्यक्ति र समुदायलगायत आम नागरिकको हक हितको सम्बोधन गर्न, तीनै तहको सरकारलाई आवश्यक पर्ने महत्वपूर्ण तथ्याङ्क नै जनसंख्या तथ्याङ्क हो।

नेपालमा व्यक्तिगत घटना दर्ताको भरपर्दो अभाव र नियमित सर्वेक्षणको अभावमा जनसंख्या तथ्याङ्कको स्रोत जनगणनालाई लिइदै आएको छ। नेपालले १९६८ सालदेखि जनगणना सञ्चालन गरी हालसम्म १२ औं जनगणना सम्पन्न गरिसकेको छ। व्यक्तिगत घटना दर्ता प्रणाली लागू भएको धेरै समय बितेको भए पनि यसले खासै गति लिन सकेको छैन। तथापि, हालै यो प्रणाली अनलाइन घटना दर्ता प्रणालीमा रुपान्तरण भएदेखि जनसांख्यिक तथ्याङ्क नियमितरुपमा प्राप्त हुने अवस्था बढ्दै गएको र यस प्रणालीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार उत्पादन हुने तथ्याङ्क उपयोगमा ध्यान केन्द्रित हुन थालेकाले जनसंख्या तथ्याङ्कको विकासमा एक हदसम्म सकारात्मक सन्देश दिएको छ।

जनसंख्या तथ्याङ्कको महत्वपूर्ण स्रोत जनगणना, व्यक्तिगत घटना दर्ता प्रणाली, नियमित प्रशासनिक अभिलेख र आवधिक नमूना सर्वेक्षणहरू आदि रहेका छन्। ती स्रोतबाट प्राप्त हुने जनसांख्यिक सूचकहरुको प्रयोग तथा उपयोगले मात्र जनसंख्या तथ्याङ्कको महत्व उजागर गर्न सकिन्छ।

> २०२८ सालको जनगणना अनुसार कुल प्रजनन दर ६.३ रहेकोमा पाँच दशकमा यो दर १.९४ (अर्थात १ जना महिलाले प्रजननयोग्य उमेमा दुई जना भन्दा कम बच्चाको जन्म दिन्छिन) पुगेको छ । प्रादेशिक हिसाबले मधेश प्रदेशमा कुल प्रजनन् दर उच्च (२.८५) रहेको छ भने बागमती प्रदेशमा निकै कम (१.३७) रहेको छ । कोरा जन्मदर तथा बच्चा जन्माउने औसत उमेर क्रमश: निकै घट्दै गएको छ ।

जनसंख्या तथ्याङ्कको सुधार गर्नको लागि ती स्रोतहरुको समग्र तथ्याङ्क सङ्कलन विधि, प्रक्रिया, स्थलगत तथ्याङ्क सङ्कलन कार्य, तथ्याङ्क प्रशोधनलगायत प्राविधिक तथा व्यवस्थापकीय पक्षमा ध्यान दिई गुणस्तर सुधारमा ध्यान दिन जरुरी रहेको छ। तीनैवटा स्रोतबाट एक्लाएक्लै हेर्दा तथ्याङ्कले तुलानात्मक मानक र देशलाई चाहिने सबै जनसांख्यिक तथ्याङ्क उपलब्ध गराउँदैन । तसर्थ यसलाई एक अर्काको परिपूरकको रुपमा प्रयोग गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्दै जनसंख्या तथ्याङ्कको प्रयोगलाई निरन्तरता दिनु पर्दछ।

आवधिक योजना तथा नीतिमा जनसंख्या व्यवस्थापन

नेपालमा पहिलोपटक जनसंख्या नीति, २०७१ मा लागु भएको छ। यसअघि यसै प्रकारको नीति राष्ट्रिय रणनीतिको नाममा २०४० सालमा लागू गरिएको थियो । जनसंख्या नीतिलाई योजनाका दस्तावेजमा समावेश गरी जनसांख्यिक तथ्याङ्कको प्रयोग पहिलो पञ्चवर्षिय योजनादेखि हुँदै आएको छ । पहिलो पञ्चवर्षीय योजनादेखि पाँचौं योजनासम्ममा बसाइँसराइ र परिवार नियोजन तथा मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रममा जोड दिएको पाइन्छ। छैठौं योजनामा जनसंख्या वितरण र बसाइसराईको व्यवस्थापन, सातौं योजनामा जनसंख्या बृद्धिदर र आर्थिक विकास, आठौं योजनामा क्षेत्रगत नीतिको रुपमा जनसंख्याको महत्व स्वीकार गरिएको थियो। नवौं योजना बीसबर्से दीर्घकालीन दृष्टिकोण सहित कुल प्रजनन दरलाई प्रतिस्थापन तहमा पुर्‍याउने लक्ष्य राखिएको थियो। पन्ध्रौं योजनाले जनसंख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने लक्ष्य लिएको छ।।

सोह्रौ योजना (२०८१/८२-२०८५/८६) ले जनसंख्या व्यवस्थापन गर्ने आन्तरिक रोजगारीका अवसर सिर्जना गर्ने, जनसंख्या लाभको अधिकतम् उपयोग गर्ने, श्रम व्यवस्थापन सुधार गर्ने, वैदेशिक रोजगारी व्यवस्थापन गर्ने, आप्रवासी कामदारको व्यवस्थापन गर्ने, राष्ट्र निर्माणमा युवा परिचालन, सामाजिक सुरक्षाको दायरा विस्तार र दिगोपना, दिगो सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माणलागायत नीति तथा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ। यस योजनाले विश्व जनसंख्या दिवसको नारालाई सहयोग पुग्ने गरी तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन प्रणाली सुधार कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । सन्तुलित विकासको लागि बसाइँसराइ व्यवस्थपन र जनसांख्यिक लाभको उपयोग गरी प्रादेशिक सन्तुलन कायम गर्ने रणनीति तय गरेको छ। राष्ट्रिय जनगणना २०७८ र अन्य सर्वेक्षणबाट प्राप्त जनसंख्या तथ्याङ्कले देखाएका तथ्य र संरचनागत परिवर्तनका आधारमा राष्ट्रिय जनसंख्या नीतिको तर्जुमा भइरहेको छ। यस नीतिले विद्यमान अन्योलको अवस्थालाई पक्कै पनि सम्बोधन गर्ने र कार्यान्वयनको लागि सबै तहका सरकार सचेत हुने अपेक्षा गर्न सकिन्छ।

### जनसाख्यिक तथ्याङ्कको समग्र लेखाजोखा

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार मुलुकको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेकामा एक करोड ४२ लाख ५३ हजार ५५१ जना पुरुष (४८.९८ प्रतिशत) र एक करोड ४९ लाख ११ हजार ०२७ जना महिला (५१.०२ प्रतिशत) रहेका छन्। दश वर्षअघि २०६८ सालको जनगणनामा कूल जनसंख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेकामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५५ र ५१.५५ प्रतिशत रहेको थियो । यस नतिजाअनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरूषको संख्या) ९५.५९ रहेको छ। गत जनगणनामा प्रति सय महिलामा पुरुषको संख्या ९४.१६ रहेको थियो। कूल जनसंख्या अघिल्लो गणनाको तुलनामा २६ लाख ७० हजार २०७४ ले बढी हो । यसरी हेर्दा दश वर्षमा नेपालको जनसंख्या १०.०८ प्रतिशतले बढेको देखिएको छ । विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको र जुन अघिल्लो जनगणनामा १.३५ प्रतिशत रहेको छ । यो देशको वृद्धिदर पछिल्लो आठ दशककै न्यून वृद्धिदर हो।

नेपालमा १८ वर्षभन्दा कम उमेरका बालबालिका ३३.८ प्रतिशत अर्थात ९८ लाख ६९ हजार ५८३ रहेको छ । यो प्रतिशत गत जनगणनको तुलनामा निकै (आठ प्रतिशत विन्दुले) घटेको छ । नेपालको जनसांख्यिक संरचनामा उत्पादनशील उमेर समूहकको जनसंख्या ६७ प्रतिशत रहेको छ। यस्तो जनसांख्यिक लाभको अवस्था २५ देखि ३० वर्षसम्म रहने अनुमान गर्न सकिन्छ। जेष्ठ नागरिकको जनसंख्या निरन्तर वृद्धि हुँदै गएको छ। ६० वर्ष उमेरभन्दा माथिका जनसंख्या करिव ११ प्रतिशत पुगेको छ । भौगोलिक रुपमा ३४ ओटा जिल्लामा वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक भएको छ। ग्रामीण क्षेत्रमा युवाहरुको कमी हुँदै गएको छ भने जेष्ठ नागरिक र बालबालिका तथा महिलाको हिस्सा बढी मात्रामा रहेको छ। नेपाल भर करिब पाँच लाख बस्न योग्य घरहरु मानवविहीन अर्थात खालि अवस्थामा छन् । विगत तीन दशकदेखि आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । कुल जनसंख्याको झण्डै आठ प्रतिशत जनसंख्या अक्सर विदेशमा बसोबास गरिरहेका छन्।

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार नेपालमा अझै २०.३ प्रतिशत अर्थात करिव ६० लाख नेपालीहरु गरिबीको रेखामूनी रहेका छन् भने नेपाल श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार ११.४ प्रतिशत बेरोजगारीको दर रहेको छ । झण्डै ३७ प्रतिशत श्रमशक्तिको संलग्नता औपचारिक क्षेत्रमा रहेको छ। बालश्रमको समग्र प्रवृति घट्दोक्रममा रहेको भएता पनि ५ देखि १३ वर्षका बालबालिका लगभग ११ लाख घरेलु श्रममा रहेका छन् । यसमा पनि २ लाख बालबालिकाहरु जोखिमपूर्ण काममा रहेका छन्।

### जनसंख्या परिवर्तनका आयाम

जनसंख्या परिवर्तनका तीन महत्वपूर्ण आयाम जन्म, मृत्यु र बसाइसराई हुन् । यिनीहरुको अवस्थाको बारेमा निम्न अनुसार चर्चा गरिएको छ । जनसंख्यामा परिवर्तन ल्याउनका लागि जन्म प्रमुख प्राकृतिक कारण मानिन्छ। जन्मले जनसंख्या बढाउँछ । २०२८ सालको जनगणना अनुसार कुल प्रजनन दर ६.३ रहेकोमा पाँच दशकमा यो दर १.९४ (अर्थात १ जना महिलाले प्रजननयोग्य उमेमा दुई जना भन्दा कम बच्चाको जन्म दिन्छिन्) पुगेको छ। प्रादेशिक हिसाबले मधेश प्रदेशमा कुल प्रजनन् दर उच्च (२.८५) रहेको छ भने बागमती प्रदेशमा निकै कम (१.३७) रहेको छ। कोरा जन्मदर तथा बच्चा जन्माउने औसत उमेर क्रमशः निकै घट्दै गएको छ।

समग्रतामा प्रजनन् दर निकै कम भएको देखिन्छ । यसले भविष्यमा काम गर्ने उमेर समूहका जनसंख्या कम हुनुका साथै नेपालभित्र काम गर्ने जनशक्तिको अभावमा विकास निर्माणमा नकारात्मक प्रभाव पार्न सक्छ। विगतमा राज्यले अङ्गिकार गरेको नीतिको फलस्वरुप राज्यले स्वास्थ्यसम्बन्धी सूचकमा उल्लेखनीय प्रगति हासिल गरेको छ । अब कस्तो नीति लिने र जनसंख्यालाई महिलाको प्रजनन दरलाई कसरी विस्थापन तहमा कायम गर्न सकिन्छ नियमित नीति र प्रभाव मूल्याङ्कनसँग ठोस राजनैतिक निर्णय लिन आवश्यक देखिन्छ।

जनसंख्यामा परिवर्तन ल्याउने अर्को प्राकृतिक कारण मृत्यु हो। मृत्युले जनसंख्या घटाउँछ। नेपालमा पनि मृत्युदर कम गर्ने प्रयास जारी छ। केन्द्रीय तथ्याङ्क विभागले २०६३ सालमा गरेको अनुमान अनुसार नेपालको कोरा मृत्युदर ८.७ जना र २०६८ मा ७.१ जना प्रतिहजार थियो, जुन २०७८ मा ६.८ जना प्रतिहजार मात्र छ। नेपालमा मृत्युदर कम हुने प्रमुख कारण शिशु (२०६८ सालमा ४० बाट २०७८ सालमा १७ जना प्रतिहजार जीवित जन्ममा) एवम् बाल मृत्युदर (२०६८ सालमा १३ बाट २०७८ सालमा छ जना प्रतिहजार एकदेखि चार वर्षका बालबालिकामा) मा कमी आउनु हो। त्यसैगरी औषत आयु ६६.६ वर्ष (२०६८) रहेको थियो भने हाल ७१.३ वर्ष (२०७८) पुगेको छ । औसत आयुमा बढोत्तरि हुनुमा समग्र मृत्यु दर र शिशु तथा बालमृत्यु दरमा सुधार आएको र सोही अनुपातमा औसत आयुमा समेत राम्रो प्रभाव पर्दै गएको देखिएको छ। यसको प्रभाव कुनै एकमा भरपर्ने विषय होइन। यसलाई जन्मदर र आन्तरिक तथा बाह्य बसाइँसराइले समेत असर पारेको हुन्छ।

जनसंख्यामा घटबढ हुनुमा कृत्रिम कारकका रूपमा बसाइसराइलाई लिइन्छ । बाह्य बसाइँसराइबाट पनि नेपालको जनसंख्यामा घटबढ भइरहेको छ।

हाल नेपालमा विदेशतर्फ जानेभन्दा छिमेकी देशहरुबाट क्रमिक रुपले बसाई सरी आउने धेरै छन् । यसरी ग्रामिण क्षेत्रबाट उपयुक्त सेवा सुविधा र शिक्षा प्राप्त गर्नका लागि मानिसहरु सहरी क्षेत्रमा आउँछन् जसले सहरको जनसंख्या बढ्न मद्दत गर्छ।

# महिनावारीमा हिंसा घटेको छ, हटेको छैन

चन्द्रकला भण्डारी

"सुन्दर २२ सय २० दिनहरू स्वतन्त्रता र आत्मसम्मान खोसिएको जीवन बिताएकी छु । कोठाबाट बाहिर निस्कन नपाएका कैयौँ दिनहरू भोकै-प्यासै बिताएकी छु। छिनछिनमा रगतका फाल्सा उकेलेर शिथिल भएको शरीरलाई चिसो भुइँमा सुताएकी छु। मैले आमा गुहारेँ, सासू गुहारेँ, भगवान पुकारेँ, तैपनि स्वतन्त्रताको श्वास फेर्न पाइनँ। कतैबाट सहारा पाइनँ।"

इलामको देउमाई-३ की ५५ वर्षीया कमला खनालका यी मार्मिक भनाइहरू सुन्दा उहाँ कुनै अपराधको सजाय काट्न जेलजीवन बिताएकी कैदी हुनुहुन्छ कि जस्तो लाग्छ। वास्तविकता त्यस्तो होइन। सरकारले बनाएको भौतिक जेल होइन, समाजले कुरीति र अन्धविश्वासको पर्खाल लगाएर घरघरै निर्माण गरेको विभेद र छुवाछूतको पिञ्जडामा थुनिएकी निर्दोष बन्दी हुनुहुन्छ उहाँ। निरपराध सजाय पाएकामा उहाँको पीडा बोलेको हो यो ।"आखिर मेरो के अपराध थियो ?", बिर्सनलायक ती दिनहरू सम्झिँदै उहाँ प्रश्न गरिरहनुहुन्छ। यो प्रश्नको जवाफ उहाँले कहिल्यै पाउन सक्नुभएन। "यस्तै हो, सबैले भोगेका छन्", "विचरा, साह्रो दुःख पाइछौँ", भन्ने सहानुभूतिबाहेक। उहाँलाई समाजको कुरीति र अन्धविश्वासले ठहर्याएको एउटै अपराध थियो- महिनावारी।

माइतीघरमा बाल्यकालीन सुनौला केही अनुभूतिहरू सुनाउनुभयो उहाँले । इलामकै माङसेबुङ-१ पाटीगाउँमा बाख्राको पाठोझैँ उफ्रीउफ्री नाचेर डुलेर बितेको थियो उहाँको बाल्यकाल । भोक लाग्यो भनिसक्दा आमाले 'लु खा नानी' भनेर अगेनोको छेउमा खोसेलाको पिर्कामा बसाउनुहुन्थ्यो । आमाको आँखा छलेर डाडुले कतिपटक तरकारी उघाएर खाइसकेकी हुनुहुन्थ्यो उहाँले । आमा पूजाकोठामा पसेर दियोमा बत्ती बालिनसक्दै उहाँले देवीदेउताकै थानमा पुगेर घण्टी बजाइसकेकी हुनुहुन्थ्यो । 'यसलाई कति चकचक गर्नुपरेको' भनेर काखमै बसाएर पूजा गर्न सिकाउनुहुन्थ्यो आमाले।

तेह्र वर्षकी हुँदा उहाँलाई एक दिन निगुरो टिपेर घर फर्किदा कट्टु भिजेको जस्तो असजिलो भयो। भित्री कोठामा गएर हेर्दा तिघ्रासम्मै रगत लत्पतिएको रहेछ। 'आमा, एकछिन आउनु त माथि', पहिलोपटक महिनावारी हुँदाको घटना सुनाउँदै उहाँले भन्नुभयो, "आमाले मेरो कुरा सुन्नेबित्तिकै महिनावारी भएको थाहा पाइहाल्नुभयो । कहाँ यहाँ पूजा थान भएको कोठामा पसेकी, लु तल भुइँमा झरिहाल नानी भनेर मलाई डोहोर्याउँदै टाँढबाट झार्नुभयो।"

त्यसपछि महिनावारी भएकै कारण आफूलाई नछुने भएको (अछुत) घोषणा गरिएको र पल्लो गाउँको आफन्त पर्नेका घरमा सात दिन बस्ने गरी पठाइएको उहाँले सुनाउनुभयो । कोरोना महामारीको सुरुका बेला सङ्क्रमितलाई कोठामा राखेर परैबाट खानेकुरा दिइएको र कसैसँग भेटघाट गर्न नदिइएको जस्तो उसबेलाको सास्ती सुनाउँदा उहाँको पीडा आँसु बनेर आँखाबाट तप्किएको थियो। आफन्तको घरमा सात दिन बिताउँदा सात महिना लागेजस्तो भएको उहाँले सुनाउनुभयो । "बिहेपछि आमाको ठाउँमा सासुआमा हुनुहुन्थ्यो," कट्टर परम्परावादी बाह्मण परिवार भएकाले त्यहाँ पनि महिनाबारी बार्नुपर्ने कडा चलन रहेको सुनाउँदै उहाँले भन्नुभयो-"चुपचाप सहेँ। पतिलाई सुनाउँदा 'म त नबारुँला, आमाबुबाका लागि चाहिँ बारिदेउ' भन्नुभयो। मैले छोरीहरूलाई चाहिँ यस्तो बार्नुपर्दैन भनेँ। तर, सासुआमा पुरानो जमानाकी भएकाले उहाँले मान्नु भएन। पति र छोराछोरीलाई मैले बार्नु परेन । ४९ वर्षमा मेरो महिनावारी सुक्यो । महिनावारी सुकेपछिको पाँच वर्षदेखि चाहिँ मैले महिनावारीको बन्धनबाट मुक्ति पाएकी छु।"

उहाँले ५५ वर्षे जीवनमा ३७ वर्षसम्म महिनावारीको उमेर बिताउनुपर्‍यो । उहाँले सुनाएको हिसाबअनुसार हरेक महिना पाँच दिनका दरले वर्षमा ६० दिन र ३७ वर्षमा २२ सय २० दिन अर्थात छ वर्षभन्दा बढी अवधि उहाँले महिनावारीको नाममा विभेदपूर्ण 'नछुने' जीवन व्यतित गर्नुपरेको रहेछ।

झापाको मेचीनगर-१० निवासी पवित्रा न्यौपानेले महिनावारीमा भोग्नु परेको सास्तीको कथा अझ दर्दनाक छ। पाँचथरको हिलिहाङ गाउँपालिका-६ भारपाको बाह्मण परिवारमा उहाँको जन्म भएको थियो। गाउँमा धार्मिक कुरीति र अन्धविश्वास व्याप्त थियो । बाबुआमाले 'धर्म कमाउन' भनेर पवित्रालाई १५ वर्षकै उमेरमा बाह्मण परिवारकै केटोसँग बिहे गरिदिए। "बिहेको मण्डपमा भएको कर्मकाण्ड त मलाई केटाकेटीले भाडाकुटी खेले जस्तो लाग्यो," उहाँले बालविवाह भएको कहानी सुनाउँदै भन्नुभयो। बिहे गरेकै साल उहाँलाई रजस्वला भयो । बारीमा घाँस काटेर फर्किदा रगत लतपत भएको देखेपछि उहाँले सासुआमालाई सुनाउनुभयो। त्यसपछि सुरु भयो नयाँ सास्ती।

"अपवित्र भएको भन्दै मलाई घरको अलग्गै कोठामा २२ दिनसम्म राखियो," पवित्रा सुनाउनुहुन्छ-"भान्सा र पूजा कोठामा मात्र होइन, घरका अरु सदस्यको कुनै कोठामा पनि जान मलाई बर्जित थियो। एकातिर नछुने भएकी भनेर बार्न लगाउने र अर्कातिर बेस्सरी खेतबारीको काममा लगाउने परिवारको दोहोरो चरित्र देखेर भक्कानो छुट्थ्यो। भोक लागेका बेला खान पाइँदैनथियो। कतिखेर मन लाग्छ, त्यतिबेला खान दिन्थे। जुन कोठामा म सुतेकी थिएँ, त्यहाँ हरेक दिन विहानै उठेर गाईको गोबरले लिपेर पवित्र बनाउनुपर्थ्यो।" महिनावारी हुनुलाई पापको रुपमा लिने कुरीतिको शिकार भएकी पवित्राले सासुआमाको देहान्त भएका बेला पनि उस्तै विभेद भोग्नु परेको बताउनुभयो । महिनावारी भएको बेला मृत सासुआमाको पार्थिव शरीर छोएको भनेर परिवारका अन्य सदस्यले आपत्ति गर्दा घरझगडा नै भएको उहाँले विगत सुनाउनुभयो। उहाँले भन्नुभयो-"सासुआमाको निधनले शोकविह्वल भएका बेला मैले शबलाई छोएछु, अँगालो हालेछु। त्यसबेला मलाई रजस्वला भइरहेको थियो। नन्द भाउजु, देउरानी जेठानीलगायत सबै आफन्त मविरुद्ध खनिएँ।"

कुलको नियम भन्दै उनले पहिलोपटक महिनावारी हुँदा २२ दिन, दोस्रोपटकदेखि सात दिन र १० वर्षपछि मूलघर छाडेर मधेश आएपछि मात्र पाँच-पाँच दिन बार्नु परेको जानकारी दिनुभयो। अहिले उहाँकी जेठी छोरी डाक्टर र छोरा इन्जिनियर छन् । छोरीले बार्नुहुँदैन भनेर आफूलाई सम्झाउने गरे पनि पहिलादेखि लागेको बानी भएर होला अहिलेसम्म पाँच दिनका दरले महिनावारी बारिरहेको उहाँले सुनाउनुभयो।

महिनावारी बार्ने चलन कुप्रथा भएकोले चेतना र शिक्षाको उज्यालो फैलिदै जाँदा यसको प्रभाव न्यून हुँदै गएको छ । पश्चिम नेपालको जस्तो छाउपडी प्रथा पूर्वी नेपालमा छैन। जातिका आधारमा भन्दा कुन परिवार कति चेतनशील र शिक्षित छ भन्ने आधारले 'नछुने' प्रथा बढी वा घटी हुने गरेको छ। महिनावारीमा हुने विभेद र हिंसा व्यापक मात्रामा क्रमशः न्यूनीकरण भइरहेको देखिन्छ।

> डा सिंहले भन्नुभयो, "यस्तो बेलामा पोषिलो खानेकुरा खानुहोस् । प्रजनन अङ्गको सरसफाइमा ध्यान दिनुहोस् । गुणस्तरीय महिनावारी प्याड प्रयोग गर्नुहोस् । नत्र हेलचेक्राइँले प्रजनन् अङ्गमा सङ्क्रमण फैलिन सक्छ । बढी रगत बग्यो भने डाक्टरलाई सल्लाह माग्नुहोस् ।

मेचीनगरको जनता माध्यमिक विद्यालयकी प्रधानाध्यापक लीला मिजार महिनावारीलाई अपवित्र र अमर्यादित भनेर बार्ने चलन अहिले बदलिएको बताउनुहुन्छ । रजस्वला हुनु महिलाको प्राकृतिक गुण भएको र यसलाई बार्नुपर्ने वैज्ञानिक कारण केही पनि नभएको हुँदा सचेत महिलाहरूले नछुने बार्ने प्रथा त्याग्न थालेको उहाँको भनाई छ। "मैले पनि पहिलोपल्ट रजस्वला हुँदा घरबाट निकालिनु परेको तीतो घटना व्यहोरेको थिएँ," उहाँ भन्नुहुन्छ, "तर अहिले बार्दिन । पहिलोपटक रजस्वला हुँदा घरको धुरी हेर्नुहुँदैन, दाजुभाइले अनुहार पनि देख्नु हुँदैन भन्ने अन्धविश्वास पहिले पहिले थियो । अहिले पहिलोपल्ट रजस्वला हुँदा छोरीहरू आफ्नै घरपरिवारमा बस्छन्।"

सन्तानलाई सही शिक्षा दिएर महिनावारीलाई मर्यादित बनाउन सकिने उहाँको धारणा रहेको छ। परिवारमा सँगै बसेर खान नहुने र छोएको नखाने चलन एक प्रकारको छुवाछुतजन्य हिंसा नै भएको हुँदा यसलाई समाजमा निषेध गरेर महिलालाई सम्मानपूर्वक जिउन दिने वातावरण निर्माणका लागि जनचेतना र कानून दुबै आवश्यक पर्ने प्रअ मिजार बताउनुहुन्छ। परिवार र विद्यालयमा यस्तो हिंसा र विभेदका विरुद्ध अभियान चलाउन सकिने उहाँको भनाइ छ।

बीस वर्षदेखि पत्रकारितामा क्रियाशील एवम् नेपाल पत्रकार महासङ्घ झापाकी पूर्व उपाध्यक्ष भीमा शिवाकोटीले महिनावारी नबार्ने बताउनुभयो । "म चाहिँ बार्दिन र मेरा छोरीहरूलाई पनि बार्नुपर्दैन भन्ने सिकाएँ," उहाँ भन्नुहुन्छ-"रजस्वला भएकै कारण छुवाछूतको शिकार हुनुपर्ने कुप्रथा मान्नु हुँदैन । यसले महिलाको स्वाभिमान र मानव अधिकारमाथि धावा बोल्दछ। मान्नु पर्ने कुनै वैज्ञानिक कारण पनि छैन।" उहाँले महिनावारीका कारण महिलाले हिंसा र विभेद व्यहोर्नु परिरहेको छ भन्ने विषयमा मिडिया जगतले पर्याप्त छलफल चलाउनु पर्ने बताउनुभयो।

भद्रपुरस्थित ओमसाई पाथिभरा हस्पिटलकी स्त्रीरोग विशेषज्ञ डा सुमन सिंह महिनावारी बार्नुका पछाडि कुनै वैज्ञानिक कारण नरहेको हुँदा यसलाई छुवाछूतको रुपमा विभेद गर्न नहुने धारणा राख्नुहुन्छ। रजस्वलालाई अपवित्र र अमर्यादित बनाउन समाजमा व्याप्त रहेको अन्धविश्वास र कुरीतिले सहयोग पुर्याएको छ। महिनावारी भएकै कारण सृष्टि हुने भएकाले यसलाई अत्यन्त मर्यादित ठान्नु पर्ने उहाँको धारणा छ। बरु त्यस्तो बेला स्वास्थ्यको विषयमा विशेष ख्याल राख्न उहाँको सुझाव छ।

डा सिंहले भन्नुभयो, "यस्तो बेलामा पोषिलो खानेकुरा खानुहोस्। प्रजनन अङ्गको सरसफाइमा ध्यान दिनुहोस्। गुणस्तरीय महिनावारी प्याड प्रयोग गर्नुहोस् । नत्र हेलचेक्राइँले प्रजनन् अङ्गमा सङ्क्रमण फैलिन सक्छ। बढी रगत बग्यो भने डाक्टरलाई सल्लाह माग्नुहोस् ।" महिनावारी रोक्न जथाभावी औषधिको सेवन हानिकारक हुनसक्ने उहाँले बताउनुभयो। शरीरमा हर्मोनको असन्तुलन हुने र कसैकसैलाई सधैँका लागि महिनावारी रोकिने समस्या आउने खतरा पनि हुने उहाँले जानकारी दिनुभयो।

समाजमा महिलाले धेरै किसिमका हिंसा व्यहोर्नु परिरहेको हुन्छ। तर, महिनावारीका बेला व्यहोर्नु परेको हिंसालाई समाज र कानूनले ठूलो हिंसाको रुपमा नलिएकामा अधिवक्ता हेमकला कट्टेल आश्चर्य व्यक्त गर्नुहुन्छ । हरेक घरमा अछुतको रुपमा महिलालाई विभेद गरिएको यस विषयमा प्रतिवाद गर्ने खालका पर्याप्त छलफल र वहस हुन नसकेको कट्टेल बताउनुहुन्छ।

"सामाजिक कुरीति र लैङ्गिक संवेदनशीलताको विषय भनेर व्याख्या गरिने हो भने मर्यादित महिनावारीको मान्यता कानूनी रुपमा स्थापित गर्न सहज हुन्छ", उहाँ भन्नुहुन्छ, "हामीले महिलाका मुद्दाहरू हेर्दै जाँदा महिनावारीका बेला पुरुष साथीबाट यौन उत्पीडन भएको, छोएको भनेर कुटपिट र गाली बेइज्जतीपूर्ण व्यवहार भएका घटनाहरू सुन्दै आएका छौं। यी पनि हिंसा हुन्। यस्ता ज्यादतीलाई घरेलु हिंसा र लैंगिक हिंसाको रुपमा लिएर कानुनी कारबाही अघि बढाउन सक्ने हो भने मर्यादित महिनावारीको कोणबाट समाजमा महिलालाई न्याय दिलाउन सकिन्छ।"

महिनावारीमा गरिने विभेद हिंसाको एउटा प्रकार भएकाले यसविरुद्ध महिला आफैँले पनि प्रतिवाद र सामाजिक रूपमा जागरण ल्याउन जरुरी भएको उहाँको बुझाइ छ । धेरैजसो महिलाहरू पाप लाग्ने भनेर भ्रम छरिएका कारण डरले मठमन्दिर नजाने र पूजापाठमा सरिक नहुने गरेको उहाँले बताउनुभयो ।महिनावारीमा विभेद गर्ने प्रथा नेपालका विभिन्न भागमा भिन्नाभिन्नै प्रकारको छ । पश्चिम नेपालमा रहेको छाउपडी प्रथामा महिलाले महिनावारी बार्न घरदेखि टाढा र असुरक्षित गोठमा बस्नुपर्छ । छाउपडी गोठमा बस्दा कैयौं महिलाले बलात्कारको शिकार बन्नु परेको तथा सर्प र जङ्गली जनावरको आक्रमणमा ज्यान गुमाउनु परेको छ।

पूर्वी नेपालमा भने बाह्मण क्षेत्रीमा पहिलोपल्ट महिनावारी हुँदा घरबाहिर बस्नुपर्ने र अरुबेला पूजापाठ गर्न नहुने, दशैं तिहारमा टिका लगाउन नहुने, मठमन्दिरमा जान नहुने लगायतका थुप्रै विभेदकारी प्रथाका कारण महिलाहरू कथित हिंसामा पर्ने गरेका छन् ।पूर्वस्वास्थ्य राज्यमन्त्री एवं प्रतिनिधिसभा सदस्य डा तोसिमा कार्कीले महिनावारीमा विभेद गर्ने प्रथा महिलामाथिको हिंसा नै भएकाले यसलाई कानुनी रूपमा दण्डनीय बनाउनुपर्ने बताउनुहुन्छ।

# राजनीतिक स्थायित्वका लागि नयाँ समीकरण



काठमाण्डु । राष्ट्रिय राजनीतिमा लामो समयदेखि प्रतिस्पर्धामा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच नयाँ सरकार गठनका निम्ति भएको समझदारीलाई आम नागरिकले चासोका साथ हेरेका छन् ।

राजनीतिक दलहरूबीच अब फेरि अर्को सहमति नभए संसद्मा पहिलो र दोस्रो स्थानमा रहेका दलबीचको सहमतिमा नयाँ सरकार बन्ने छ । नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको सहमतिअनुसार नयाँ सरकारको नेतृत्व नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले गर्नुहुनेछ । नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले नागरिकमा आशा जगाउने गरी राजनीतिक स्थायित्वसँगै स्थिर सरकार गठन तथा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रमुख शक्ति सहयात्रामा अघि बढेको बताउनुभयो ।

प्रमुख सचेतक बर्तौलाले भन्नुभयो, "विकास, समृद्धि र सामाजिक न्यायको आधारस्तम्भ खडा गर्न मुलुकमा राजनीतिक स्थायित्व अपरिहार्य हुन्छ र यसका लागि राष्ट्रिय राजनीतिका प्रमुख दलहरूको सहयात्रा र समझदारी हुनु स्वागतयोग्य छ ।"कांग्रेस र एमालेको पछिल्लो गठबन्धनलाई खासगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाहेकका अधिकांश दलले सहयोग र समर्थन गर्ने प्रतिबद्धता जनाएको गठबन्धनका नेताहरूले दाबी गर्नुभएको छ ।

पछिल्लो विकसित राजनीतिक घटनाक्रमसँगै प्रधानमन्त्री पुष्पकमल दाहालले शुक्रबार प्रतिनिधिसभामा विश्वासको मत लिने कार्यसूची छ । कांग्रेस र एमालेबीच सत्ता सहयात्राको समझदारी भए पनि आगामी निर्वाचनहरूमा दुई दलबीच गठबन्धन नभई प्रतिस्पर्धा हुने जानकारी दिँदै प्रमुख सचेतक बर्तौलाले संसद्को हालको गणितले निम्त्याएको अस्थिरता र अनिश्चितताको भुमरीलाई चिर्न सहयात्रामा अघि बढ्ने निर्णय भएको बताउनुभयो ।

राज्यले ठिक ढङ्गले सेवाप्रवाह गर्न नसक्दा जनतामा चरम निराशा पैदा भई राजनीतिक दलप्रतिको भरोसा कमजोर बन्न पुगेको यथार्थलाई हामीले भुल्नु हुँदैन भन्दै उहाँले विद्यमान अस्थिरताको सङ्कट अन्त्य गर्न प्रमुख शक्ति एक ठाउँमा उभिनुपरेको प्रतिक्रिया दिनुभयो ।

प्रजातान्त्रिक आदर्श बोकेको कांग्रेस र जनताको बहुदलीय जनवाद (जबज)चिन्तन अँगालेको एमालेबीचको सहकार्यले यसअघि पनि मुलुकमा व्यवस्था परिवर्तनमात्र नभई संविधानसभाबाट संविधान जारी गर्नेजस्तो महत्त्वपूर्ण कार्य भएको थियो ।फरक राजनीतिक आदर्श र सिद्धान्त अँगालेका कांग्रेस र एमालेबीचको यसपटकको मिलनले राजनीतिक अस्थिरताको अन्त्यसँगै लोकतन्त्रको सुदृढीकरण, भ्रष्टाचार न्यूनीकरण, सुशासन प्रवर्द्धन र विकास निर्माणकार्यले तीव्रता पाउला त भन्ने प्रश्न पनि सँगै उब्जाएको छ ।

राजनीतिक नेतृत्व सत्ता स्वार्थमा बढी लिप्त भएकै कारण एक वर्षमा तीनवटा सरकार फेरबदल भएको भन्ने आरोप खेपिरहेका प्रमुख दलबीच यसपटक भएको पछिल्लो सहकार्यले ती जिज्ञासा मत्थर पार्ला भन्नेमा आम जनता अझै विश्वस्त हुनसकिरहेका छैनन् ।सरकारको नाममा सरकार मात्र होइन, केही गुणात्मक सेवा प्रवाहको अपेक्षा रहेको बताउँदै नेता बर्तौलाले प्रणालीगत सुधारको पक्षमा दुवै पार्टी मिलेर गरिएको आह्वानले राष्ट्रिय सहमतिको मार्गलाई सहज तुल्याउने दाबी गर्नुभयो ।

विगतमा एक-अर्कालाई प्रतिद्वन्द्वी र प्रतिस्पर्धी दलका रूपमा प्रस्तुत गर्दै आएका नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको यसपटकको सहकार्यलाई कतिपय राजनीतिक विश्लेषकले सत्ता स्वार्थबाट प्रेरित रहेको आरोप लगाइरहेका छन् ।संसद्का दुवै प्रमुख दल सत्तामा रहने कार्य संसदीय लोकतन्त्रको मूल्य, मान्यता र मर्मविपरीत भए पनि मुलुकको विषम परिस्थितिमा दुवै ठूला शक्ति एक ठाउँमा उभिनु देश र जनताका लागि हितकर नै हुने कांग्रेस र एमालेको भनाइ छ ।

सरकार गलत ठाउँमा नजाओस् तथा सरकारलाई संसद् र जनताप्रति जवाफदेही तुल्याउन रचनात्मक, सिर्जनात्मक र बलियो सशक्त प्रतिपक्ष आवश्यक पर्ने संसदीय व्यवस्थाको मान्यता हो । संसद्भित्रको अभ्यासका लागि मात्र नभई अहिले देशभित्रका निर्वाचन प्रणालीसमेतका विविध मुद्दाहरूमा ठोस निष्कर्षसहित निकासका लागि दुवै ठूला दल मिल्नुपर्ने परिस्थिति निर्माण भएको ती दलका नेताहरू बताउँछन् ।

प्रमुख सचेतक बर्तौला भन्नुहुन्छ, "दुवै दलले देश, जनता र संसद्लाई नै प्रभावकारी, प्रभावशाली र बलशाली बनाउन मिल्नपर्ने भयो । नागरिक अपेक्षा पूरा गर्न सरकारको स्थिरता कि बलियो प्रतिपक्ष भनी अहिले रोज्नुपर्ने बेला छ ।"

> नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले अस्थिर राजनीतिका कारण सरकार छिटो परिवर्तन भइरहँदा जनतामा छाएको निराशालाई आशामा रुपान्तरण गर्न प्रमुख शक्ति एक ठाउँमा उभिने वातावरण बनेको प्रतिक्रिया दिनुभयो ।

अर्कातर्फ आम जनता पार्टीका अध्यक्ष प्रभु साह सङ्घीय संसद्मा रहेका पहिलो र दोस्रो ठूलो दल कांग्रेस र एमाले मिलेर सरकार गठन गर्नु भनेको लोकतन्त्र र संसदीय व्यवस्थाका निम्ति सुखद नभएको टिप्पणी गर्नुहुन्छ । उहाँले भन्नुभयो, "लोकतान्त्रिक व्यवस्थामा सदनमा सत्तापक्ष र प्रतिपक्ष हुन्छ । जनादेशको सम्मान गरिनु लोकतन्त्रको मर्म हो । उहाँहरू आफैँले बनाएको विधि, विधान र व्यवस्थाको विरुद्धमा उभिन खोज्नुभएको छ ।"

**लोकतन्त्रको बर्को ओढेर भोको पेट अघाउन्न**

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले अस्थिर राजनीतिका कारण सरकार छिटो परिवर्तन भइरहँदा जनतामा छाएको निराशालाई आशामा रुपान्तरण गर्न प्रमुख शक्ति एक ठाउँमा उभिने वातावरण बनेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "बारम्बार सरकार परिवर्तन हुँदा देश विकास र जनतालाई राज्यका तर्फबाट उपलब्ध गरिनुपर्ने सेवा व्यवस्थित हुन सकेन । विकास-निर्माणले गति लिन सकेन, त्यसकारण यो पहल भयो ।"कांग्रेस र एमालेबीच हुन लागेको सत्ता सहकार्य जनहितका लागि भएको तर्क गर्दै उहाँले यसबाट पनि जनताको निराशालाई आशामा रुपान्तरण गर्न सकिएन भने अर्को विकल्प हुन सक्दैन भन्नुभयो । लोकतन्त्रको विकल्प सुदृढ लोकतन्त्र भनिरहँदा त्यसभित्र सेवाप्रवाह पनि समावेश हुन्छ भन्दै नेता गुरुङले भोको मानिसलाई लोकतन्त्रको बर्को ओढाएर उ नअघाउने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का माधव सापकोटाले कांग्रेस र एमालेबीच भएको सहमतिको आधिकारिक विवरण सार्वजनिक नभएकामा प्रश्न गर्नुहुन्छ । उहाँले भन्नुभयो, "राजनीतिक स्थायित्व र संविधान संशोधनको कुरा आएको छ । दोस्रो, दलको नेतृत्वसँगै सरकारमा आलोपालो गर्ने सहमतिले स्थायित्व प्राप्त हुँदैन ।"

संविधान संशोधन गर्न दुवै दल मिल्दा प्रतिनिधिसभामा सङ्ख्या पुगे पनि राष्ट्रियसभामा नपुग्ने वास्तविकता प्रस्तुत गर्दै उहाँले यो विशुद्ध सङ्ख्यात्मक र कानुनी विषय मात्र नभई आम सहमति र सहकार्यसँग जोडिएको बताउनुभयो । असल नियतका साथ संविधान संशोधनको विषय उठाइएको हो भने सहमति सार्वजनिक गरेर त्यसमा बहस गर्न आवश्यक भएको उहाँ बताउनुहुन्छ ।

संवैधानिक, कानुनी र राजनीतिक तथा संसदीय अभ्यासका हिसाबले दुवै ठूला शक्ति एकै ठाउँमा पुग्ने भनेको कुनै न कुनै रूपमा निरङ्कुशतातर्फ जान सक्छ भनी आशङ्का गर्न सकिने स्थान रहेको सांद सापकोटाले बताउनुभयो । उहाँले भन्नुभयो, "संसदीय अभ्यास र नजिर, संवैधानिक कानुन र राजनीतिका हिसाबले कांग्रेस र एमालेबीचको सहयात्रा स्वाभाविक र प्राकृतिक देखिन्न ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सहप्रवक्ता मनिष झा त्रिशङ्कु सदनमा सरकार गठनका लागि विभिन्न गठबन्धन बन्नु स्वाभाविक भएको ठान्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "अमुक पार्टीसँग सहमति हुँदा स्वाभाविक, अर्कोसँग हुँदा अस्वाभाविक भन्ने हुँदैन । नयाँ सरकारका लागि सहकार्य गर्ने भनिएका दलबीचमा पनि राजनीतिक आदर्श र सिद्धान्त मिल्दैन ।" दुईवटा राजनीतिक दल मिलेर सृजना भएको परिस्थिति उपयुक्त राजनीतिक विकल्प नभएको बताउँदै सहप्रवक्ता झाले दुवै शक्ति लोकतन्त्रप्रति इमान्दारमा मात्र देशको भलो हुने तर्क गर्नुभयो ।रासस

# प्रधानमन्त्रीलाई विश्वासको मत नदिने जनमत पार्टीको निर्णय



काठमाण्डु । जनमत पार्टीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विश्वासको मत नदिने भएको छ ।

पार्टीको बैठकले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको सो पार्टीका प्रवक्ता डा शरदसिंह यादवले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले शुक्रबार प्रतिनिधिसभामा विश्वासको मत लिने कार्यसूची छ । जनमत पार्टीको प्रतिनिधिसभामा छ सांसद हुनुहुन्छ ।

जनमतले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको समझदारीअनुरुप नयाँ गठन हुने सरकारलाई समर्थन गनॄ समेत निर्णय पनि गरेको छ । "प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई हामी (पार्टी) विश्वासको मत दिदैनौँ, अब बन्ने नयाँ गठबन्धनलाई समर्थन गरेर जाने निर्णय भएको छ", प्रवक्ता यादवले भन्नुभयो ।

उहाँले कांग्रेस र एमालेबीचको नयाँ गठबन्धनले मधेस प्रदेशमा जनमत पार्टीको नेतृत्वको सरकारलाई स्वीकार गरेकाले नयाँ बन्ने सङ्घीय सरकारको नेतृत्वलाई स्वीकार्ने निर्णय भएको बताउनुभयो ।

**राप्रपा र जसपाले पनि विश्वासको मत नदिने**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रधानमन्त्री दाहाललाई विश्वासको मत नदिने निर्णय गरेको छ । सो पार्टीको आज भएको संसदीय दलको बैठकले प्रधानमन्त्री दाहालले माग्नु भएको विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय भएको सो पार्टीका प्रवक्ता मोहन श्रेष्ठले बताउनुभयो ।

साथै अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले पनि प्रधानमन्त्री दाहालले माग्नुभएको विश्वासको मतको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । सो पार्टीको विहिबारको संसदीय दलको बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ "प्रधानमन्त्री दाहालबाट संविधानका धारा १०० को उपधारा (२) बमोजिम आफूमाथि प्रतिनिधिसभाको विश्वास छ प्रस्तुत प्रस्तावको विपक्षमा मतदान गर्ने निर्णय गरिएको छ ।"रासस

# सूचना प्रविधिलाई सर्वसाधारणले बुझ्ने गरी अगाडि बढाइनुपर्छ : सञ्चारमन्त्री शर्मा

पाटन । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिलाई सर्वसाधारणले बुझ्ने गरी अगाडि बढाउनुपर्ने बताउनुभएको छ । नेपाल दूरसञ्चार प्राधिकरण र त्रिभुवन विश्वविद्यालय इञ्जिनीयरिङ अध्ययनसंस्थानद्वारा संयुक्त रुपमा विहिबार आयोजित 'सेन्टर अफ एक्सिलेन्स फर आइसिटी रिसर्च एण्ड डेभलपमेन्ट'को उद्घाटन गर्नुहुँदै उहाँले सूचना प्रविधिको वर्तमान युगमा यसको विकास नेपाली जनताले बुझ्ने र प्रयोग गर्ने भाषामा हुनुपर्छ भन्नुभयो ।

"नेपाल सरकारले आइसिटीको महत्वलाई बुझेर विकासका लागि धेरै काम गरेको छ, यसलाई अभियानका रुपमा विकास गरिनुपर्छ, सर्वसाधारणले बुझ्ने गरी सूचना प्रविधिलाई अगाडि बढाइनुपर्छ, यस वर्षको बजेटमा पनि आर्थिक समृद्धिका पाँच रणनीतिक क्षेत्रभित्र सूचनाप्रविधिलाई समेटिएको छ, १६औँ पञ्चवर्षीय योजनामा समेत आइसिटीलाई समेटिएको छ, बजेटमा कृषि दशक र आइसिटी दशक घोषणा भएको छ ।

उच्च क्षमताको इन्टरनेट उपलब्ध गराएर युवालाई अनुसन्धानमा सहयोग गर्नुपर्छ", मन्त्री शर्माले भन्नुभयो ।

चालु आर्थिक वर्षमा सातै प्रदेशमा डिजिटल साक्षरताका कार्यक्रम राखिएको भए पनि सञ्चालन हुन नसकेको उल्लेख गर्दै मन्त्री शर्माले उक्त कार्यक्रम आगामी आर्थिक वर्षमा सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले त्रिभुवन विश्वविद्यालय इञ्जिनीयरिङ अध्ययन संस्थान देश र विदेशमा चिनिएको संस्था भएको उल्लेख गर्दै दूरसञ्चार प्राधिकरणसँगको सहकार्यमा सञ्चालित उक्त कार्यक्रम सफल पार्न संस्थानको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

"विश्वविद्यालयबाट तयार भएका जनशक्ति र उद्योगलाई कसरी जोड्ने भन्ने चुनौती छ, आईसिटीको विकासले विदेशिनुपर्ने बाध्यता हट्ने छ, विश्वभर प्रतिस्पर्धा गर्न सक्छौँ, देशको सूचना प्रविधिको क्षेत्रमा नयाँ आयाम थप्ने माध्यमको रुपमा संस्थान सफल हुनेछ", मन्त्री शर्माले भन्नुभयो । साइबर सुरक्षाका लागि पुराना कानुनलाई संशोधन गर्ने र नयाँ कानुन निर्माण गर्ने कार्यको सुरुआत भइसकेको उहाँले जानकारी दिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा केशरजङ्ग बरालले आइसिटी क्षेत्रको विकासका लागि सरकार, विश्वविद्यालय र इञ्जिनीयरिङ अध्ययन संस्थानसँगसँगै जानुपर्नेमा जोड दिनुभयो । "सामाजिक र गुणस्तरीय जीवनका लागि उपयोगी हुनेगरी आइसिटी क्षेत्रको अनुसन्धान र नवप्रवर्तनमा ध्यान दिनुपर्ने छ, यसमा यो कार्यक्रम सफल हुनेछ भन्ने विश्वास छ", उहाँले भन्नुभयो ।

नेपाल इञ्जिनयरिङ अध्ययन संस्थानका डीन प्रा डा शशीधरराम जोशीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्यार्थीको आकर्षण बढाउन इञ्जिनीयरिङ अध्ययन संस्थानले सामसुङ कम्पनी, क्यानाडाको आइटी कम्पनीसहित अन्य देशका आइटी कम्पनीसँग सम्झौता गरेर काम गरिरहेको बताउनुभयो । उहाँले संस्थानले आइसिटी क्षेत्रमा नेपालका लागि मात्रै होइन अन्तर ाष्ट्रिय रुपमै काम गर्नसक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको उल्लेख गर्दै साइवर सुरक्षाका लागि दक्षिण कोरियाको विश्वविद्यालयसँग सहकार्य गरेर काम गरिरहेको बताउनुभयो ।रासस


## श्री बजरंग राष्ट्रिय प्राथमिक विद्यालय
### जनकपुरधाम उप–महानगरपालिका–१५, बेंगा, धनुषा, नेपाल
### पोखरीको गोप्य बोलपत्र सम्बन्धि सूचना ।
प्रकाशित मितिः– २०८१/०३/२७

यस विद्यालयको अधिनस्तमा रहेको पोखरीको मिति २०८१/०३/१९ को निर्णय अनुसार तपशिलमा उल्लेखित पोखरीमा माछा पालन गर्न गोप्य बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा सो पोखरीको निम्न शर्तहरुको आधारमा ठेक्का लिन सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विवरण | कित्ता नं. | क्षेत्रफल | न्यूनतम रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनकपुधाम उ.म.न.पा.-१९, बेंगा | ३१० | १-१-२ | ३,२५,०००।- तीन लाख पचिस हजार | पोखरी |

**शर्तहरूः**
१. बोलपत्र फारम दस्तुर रु. १००५।- फिर्ता नहुने गरि विद्यालयबाट प्रमाणित फारम खरिद गर्नु पर्नेछ ।
२. ठेक्का अवधि २०८१/०४/१० गते देखि २०८६ साल श्रावण ९ गते सम्म जम्मा ५ पाँच वर्षको हुनेछ ।
३. यस विद्यालयको कुनै किसिमको बाँकी बक्यौता रकम राखेको व्यक्तिको नाउँमा बोलपत्र स्वीकृत हुने छैन ।
४. पोखरीमा माछा पालन मात्र गर्न सक्नेछ ।
५. बोलपत्र फारममा सब भन्दा बढी रकम कबुल गरेकोलाई प्राथमिकता दिइनेछ ।
६. धरौटी रकम वार्षिक कबुल रकमको १०% यस विद्यालयको खाता राष्ट्रिय वाणिज्य बैंक लि. जनकपुरको च.हि.नं. १२२०१०००००३९१९००१ मा जम्मा गरी सक्कल भाउचर बोलपत्र (टेन्डर) साथ पेश गर्नुपर्नेछ ।
७. बोलपत्र फारम स्वीकृत भएको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम जम्मा गरी चलन पुर्जी लिई सक्नु पर्ने छ सो चलन पूर्जी समय भित्र नलिएमा राखिएको धरौटी रकम जफत गरी ठेक्का रद्द गरिनेछ ।
८. धरौटी रकम अन्तिम किस्तामा मिन्हा हुनेछ ।
९. बोलपत्र फारम भर्ने अन्तिम मिति २०८१/०४/०२ गते सम्म विद्यालय समय ७:०० बजे देखि १०:०० बजे सम्म ।
१०. बोलपत्र फारम मिति २०८१/०४/०३ गते विहान ११:०० बजे यस विद्यालयको प्राङ्गनमा खोलिनेछ ।
११. बोलपत्र साथ नगद धरौटी राखेमा बोलपत्र स्वीकृत हुने छैन ।
१२. रित पूर्वक नभएको बोलपत्र वा म्याद नाघि आएको बोलपत्र फारम स्वीकृत हुने छैन ।
१३. पहिलो वर्षको समाप्त हुन १ महिना अगाडी दोश्रो किस्ताको रकम बैंकमा जम्मा गरी सो को सक्कल भौचर सहित अर्को सालको लागि चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ । उक्त समय भित्र किस्ता रकम बैंकमा जम्मा नगरेमा अर्को सालको लागि चलन पूर्जी दिइने छैन र ठेक्का रद्द भएको मानिने छ ।
१४. तीन भन्दा कम बोलपत्र दर्ता भएमा बोलपत्र स्वीकृत गरिने छैन ।
१५. उल्लेखित शर्तहरुको पालन नगरेमा वा समयमा कबुल गरेको रमा नबुझाएमा जुन सुकै बेला ठेक्का बदर गरी कानून कारवाही गरिनेछ ।
१६. बोलपत्र खोलिने बखत बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित रहनु पर्ने छ साथै उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन् ।
१७. ठेक्का स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ ।

**नोट** : अन्य जानकारीको लागि विद्यालय वा मो. नं. ९८५४०२९६५८ मा सम्पर्क गर्नु होला ।

**फारमसाग संलग्न कागजातहरूः**
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धरौटी वापत जम्मा गरेको सक्कल भौचर

प्रधानाध्यापक



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८१/०३/२८ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले लहान शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/१२/२८ गते जनकपुर टुडे पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा हकारी ऐन, बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री जय हनुमान बहुमुखी सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : मिर्चैया,सिरहा ।** **दर्ता नंः- ०२/७५(४८)०५२-०५३**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : राम प्रताप साह (अध्यक्ष जमानीकर्ता)**
बाबु : सत्य देव साह
बाजे : सरजुग साह
ना प्र नं. :४३०/१३७६
ठेगाना : सितापुर-८,सिराहा

**२) नाम : राज कुमार मण्डल (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : सुखेश्वर मण्डल
बाजे : मोहित मण्डल
ना.प्र.नं :१०३
ठेगाना : मिर्चैया-३,सिराहा

**३) नाम : राम एकवाल नायक (सचिव जमानीकर्ता)**
बाबु : राम जतन साह
बाजे : मिश्री साहु
ना.प्र.नं : १८९
ठेगाना : मलहनिया खोरी-५,सिराहा

**४) नाम : सुजित कुमार साह (कोषध्यक्ष जमानीकर्ता)**
बाबु : राम भरोस साह
बाजे : सत्यदेव साह
ना.प्र.नं :१११४
ठेगाना :सितापुर-८,सिराहा

**५) नाम : रामपुकार कामती (संचालक जमानीकर्ता)**
बाबु : ब्रहमदेव कामैत
बाजे : दुखी कामैत
ना.प्र.नं : ७१९
ठेगाना : चन्द्रोदयपुर-९,सिराहा

**६) नाम : किशोरी यादव (संचालक जमानीकर्ता)**
बाबु : सिताई यादव
बाजे : बच्चा यादव
ना.प्र.नं : ४२९/१३७५
ठेगाना : सितापुर-७,सिराहा

**७) नाम : लक्ष्मण कुमार मण्डल (संचालक जमानीकर्ता)**
बाबु : विकु मण्डल, बाजे : अजब मण्डल, ना.प्र.नं :११८३०/१८२३, ठेगाना : रामनगर मिर्चैया-३, सिराहा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

श्री राम रतन साहको नाति श्री कृष्ण कुमार महतोको छोरा सिरहा जिल्ला मल्हनिया खोरी गा.वि.स. वडा नं. ०६ बस्ने श्री विकास कुमार महतोको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला मल्हनियाखोरी गा.वि.स. वडा नं.३ (क) को कित्ता नं. ५१८ को क्षेत्रफल ०-५-८ जग्गा र सो जग्गाले चर्चेको लिग लगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**
(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लहान शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय लहानमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# कोलम्बिया कोपा अमेरिकाको फाइनलमा



काठमाण्डु । कोपा-अमेरिका फुटबलमा उरुग्वेलाई हराउँदै कोलम्बिया फाइनल प्रवेश गरेको छ। प्रतियोगिताको ४८औं संस्करणमा विहिबार बिहान भएको दोस्रो सेमिफाइनल खेलमा कोलम्बियाले १-० गोलअन्तरले उरुग्वेलाई हराएको हो।

कोलम्बियाको जितमा जेफरसन लेर्माले ३९ मिनेटमा गरेको गोल नै निर्णायक बन्यो। अव उपाधिको लागि कोम्बियाले अर्जेन्टिनाको सामना गर्नेछ।

कोलम्बिया समूह 'डी' को विजेता बन्दै नकआउट चरणमा पुगेको थियो। कोलम्बियाले तीनमध्ये दुई खेलमा जित र एक खेलमा बराबरीको नतिजा निकाल्यो।

कोलम्बियाले आफ्नो पहिलो खेलमा पाराग्वेलाई २-१ गोलले हराएको थियो। कोलम्बियाले दोस्रो खेलमा कोस्टा रिकालाई ३-० गोलले पराजित गरेको थियो। तेस्रो खेलमा भने कोलम्बियाले बलियो प्रतिद्वन्द्वी ब्राजिललाई १-१ गोलको बराबरीमा रोकेको थियो। समूहगत चरणमा कोलम्बियाले ६ गोल गरेको थियो भने केवल दुई गोल खाएको थियो।

कोलम्बियाले हालसम्म एकपटक मात्र कोपा-अमेरिकाको उपाधि उचाल्न सकेको छ। कोलम्बियाले सन् २००१ मा कोपा-अमेरिकाको उपाधि जितेको थियो। त्यतिबेला घरेलु मैदानमा खेलिएको फाइनलमा कोलम्बियाले मेक्सिकोलाई १-० गोलले हराएको थियो।

लियोनल मेस्सीको कप्तानमा रहेको अर्जेन्टिना भने यसअघि नै फाइनलमा पुगिसकेको छ। अर्जेन्टिनाले बुधबार बिहान सम्पन्न पहिलो सेमिफाइनल खेलमा तुलनात्मक रूपमा कमजोर प्रतिद्वन्द्वी क्यानडालाई २-० गोलले हराएको थियो।

# प्रधानमन्त्री मोदी रुस र अस्ट्रियाको भ्रमण सकेर स्वदेश फिर्ता

एएनआई

नयाँदिल्ली । प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अस्ट्रिया दुई राष्ट्रको भ्रमण सकाएर बिहीबार बिहान नयाँ दिल्ली आइ पुग्नु भएका छन्।

भ्रमणको समापन पछि, प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा एउटा पोस्ट साभार गरी अस्ट्रियाको चान्सलर कार्ल नेहम्मर, सरकार र जनतालाई न्यानो स्वागत र आतिथ्यका लागि धन्यवाद व्यक्तगर्नु भएको छ।



उहाँले भ्रमण अत्यधिक फलदायी र 'ऐतिहासिक' भएको पनि उल्लेख गर्नु भएको छ। अस्ट्रियाको भ्रमण ऐतिहासिक र अत्यधिक फलदायी भएको भन्दै राष्ट्रहरूबिचको मित्रतामा नयाँ जोश जोडिएको जनाउनु भएको छ। भियनामा हुँदा विविध कार्यक्रमहरूमा भाग लिएकोमा खुसी व्यक्त गर्दै उहाँले च्यान्सेलर, अस्ट्रिया सरकार र जनताको आतिथ्य र स्नेहका लागि धन्यवाद दिनु भएको छ।

प्रधानमन्त्री मोदीले बुधबार भियनामा एक सामुदायिक कार्यक्रमलाई सम्बोदन गर्दै उनीहरूको मित्रताको ७५वर्ष पूरा भएको ऐतिहासिक अवसरको प्रतीक्षा समाप्त भएको बताउनु भएको छ। यसबाहेक, उहाँले ४१ वर्षको अन्तरालपछि भारतीय प्रधानमन्त्रीको रूपमा अस्ट्रियाको भ्रमण गर्नु एउटा ऐतिहासिक क्षण भएको स्वीकार गर्दै उत्साहपूर्ण स्वागतमा कृतज्ञता र आनन्द पनि व्यक्त गर्नु भयो।

एउटा सामुदायिक कार्यक्रममा प्रधानमन्त्री मोदी मञ्चमा पुगेपछि मानिसहरूले 'मोदी, मोदी "नाराका साथ स्वागत गरेका थिए ।समुदायले प्रधानमन्त्री परम्पराको प्रशंसा गर्दै अस्ट्रियाका चान्सलर कार्ल नेहमर र प्रधानमन्त्री मोदीले अस्ट्रियालीहरूमा योग र आयुर्वेदमा बढ्दो चासो रहेको पनि उल्लेख गर्नु भयो ।दुवै नेताले उच्च-प्रविधि क्षेत्रमा विस्तारित संलग्नतालाई समर्थन गर्न कुशल कर्मचारीहरूको गतिशीलताका साथ कौशल विकासको महत्त्वलाई पनि मान्यता दिए।

यस सन्दर्भमा, दुबै नेताहरूले द्विपक्षीय आप्रवासन र गतिशीलता सम्झौताको सञ्चालनलाई स्वागत गरे, जसले त्यस्ता आदानप्रदानलाई सहज बनाउन संस्थागत ढाँचा प्रदान गर्दछ, साथै अनियमित आप्रवासनको विरूद्ध लड्छ ।विशेष गरी, प्रधानमन्त्री मोदीले द्विपक्षीय सहयोगलाई सुदृढ पार्न र भारत र अस्ट्रिया बीचको सहकार्यका लागि नयाँ मार्गहरू खोज्नका लागि संघीय राष्ट्रपति अलेक्जान्डर भ्यान डेर बेलेन र चान्सलर नेहम्मर लगायत अस्ट्रियाका नेताहरूसँग महत्त्वपूर्ण बैठक गर्नु भयो।

> उसै सन्दर्भमा प्रधानमन्त्री मोदीले दुवै देशका व्यापारिक नेताहरुसँगको अन्तरक्रियालाई पनि प्रकाश पार्नुभयो । भारत र अस्ट्रियाका व्यापारिक नेताहरूलाई भेटी राष्ट्रहरु व्यापारिक र व्यापारिक सम्बन्ध बढाउनका लागि अगाडि आउने अवसरको लाभ उठाउन विश्वास व्यक्त गर्दै आर्थिक सम्बन्ध बढाउन आपसी विश्वासलाई जोड दिनु भयो ।

मोदीलाई न्यानो स्वागत गरी कार्यक्रमले भारत र यसका प्रवासीहरू बिचको बलियो सम्बन्धलाई प्रदर्शन गर्‍यो ।यसपछि, अस्ट्रियाका चान्सलर कार्ल नेहम्मरले प्रधानमन्त्री मोदीको अस्ट्रियाको सफल राजकीय भ्रमणको आयोजना गर्नमा संलग्न टोलीहरूको प्रशंसा गर्नु भएको छ।

सामाजिक सञ्जाल एक्सको पोस्टमा, चान्सलर नेहम्मरले विदेश मामिला मन्त्रालय, संघीय सेना, प्रहरी लगायतको समर्पण र परिश्रमलाई स्वीकार गरर्नु भयो। उहाँले उनीहरूको व्यावसायिक योजना, सङ्गठन र भ्रमणको कार्यान्वयनका लागि धन्यवाद दिनु भएको छ। अस्ट्रियामा काम गर्नाका लागि मोदी जत्तिकै ठुलो राज्य भ्रमणका लागि दर्जनौं कर्मचारीहरू हप्तौंदेखि व्यस्त रहेको जनाउदै भ्रमणको दिन सयौं थप सहभागी भएको नेहम्मरले उल्लेख गर्नु भयो।

उहाँले संघीय सेना, पुलिस, प्रोटोकल र पृष्ठभूमिमा धैरै सहयोगी हातहरू पेशेवर योजना, सावधानीपूर्वक संगठन र उत्तम कार्यान्वयनको लागि धन्यवाद दिनु भयो ।सांस्कृतिक आदानप्रदानको

उसै सन्दर्भमा प्रधानमन्त्री मोदीले दुवै देशका व्यापारिक नेताहरूसँगको अन्तरक्रियालाई पनि प्रकाश पार्नुभयो ।भारत र अस्ट्रियाका व्यापारिक नेताहरूलाई भेटी राष्ट्रहरू व्यापारिक र व्यापारिक सम्बन्ध बढाउनका लागि अगाडि आउने अवसरको लाभ उठाउन विश्वास व्यक्त गर्दै आर्थिक सम्बन्ध बढाउन आपसी विश्वासलाई जोड दिनु भयो।

प्रधानमन्त्री मोदी एक दिनको राजकीय भ्रमणका लागि जुन-९ को साँझ भियना पुग्नु भएको थियो। यसअघि उहाँ मस्कोको दुई दिने आधिकारिक भ्रमणमा हुनुहन्थ्यो जहाँ उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेट्नु भएको थियो।

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, बर्दिबासको ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**तपसील**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | रामबाबु राय यादव | बर्दिबास ०८ | ०४९३४१९२ महोत्तरी २०५४।१२।१९ | दयाराम राय यादव | मुखलाल राय यादव | सरल कृषि कर्जा | १०,००,०००।- | १,९८,५१६।- | ११,९८,५१६।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| शैल कुमारी यादव | माइस्थान ०८ | १८३०७६/१६७६ | महोत्तरी २०६३।११।१० | रामबाबु राय यादव | दयाराम राय यादव |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | ऋषि निर्माण सेवा प्रो.सोविन्द्र चौधरी | औरही ०१ | ५३२/२८०२ महोत्तरी २०४९।११।११ | अनुष चौधरी | वासुदेव चौधरी | संस्थागत ओ.डी. कर्जा | २०,००,०००।- | ३,९६,१८५।- | २३,९६,१८५।- |

**फर्मको दर्ता नं :** २२७६/२०/०६४/६५ **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर महोत्तरी, **दर्ता मितिः** २०६४।०६।१० **पान नंः** ३०२५५९५३६ **दर्ता मिति** २०६४।०६।१४

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सोविन्द्र चौधरी | औरही ०१ | ५३२/२८०२ | महोत्तरी २०४९।११।११ | अनुष चौधरी | वासुदेव चौधरी |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | गोपाल हेन्जन | बर्दिबास ०५ | ०४९३०५७६ महोत्तरी २०४६।१०।२६ | सिंह बहादुर हेन्जन | भक्त बहादुर | सरल कृषि कर्जा | ७,००,०००।- | १,५५,५१६।- | ८,५५,५१६।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| विमला माया श्रेष्ठ हेन्जन | माइस्थान ०८ | १८३०७६/१०९० | महोत्तरी २०६३।११।०८ | गोपाल हेन्जन | सिंह बहादुर हेन्जन |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | शिवो बहादुर बलम्पाकी | बर्दिबास ०५ | १८३०६२/५९४ महोत्तरी २०६३।१०।१३ | राम बहादुर बलम्पाकी | धनमान बलम्पाकी | सरल कृषि कर्जा | ६,००,०००।- | १,००,०२८।- | ७,००,०२८।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| गंगा माया बलम्पाकी | पशुपतिनगर ०५ | १८३०६२/६७१ | महोत्तरी २०६३।१०।१४ | शिवो बहादुर बलम्पाकी | राम बहादुर बलम्पाकी |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | डि.पी.आर. बंगुर तथा पशुपालन फर्म प्रो.डम्बर बहादुर राउत | बर्दिबास ०७ | १८३०७३/८७३ महोत्तरी २०६३।१०।०७ | चन्द्र बहादुर राउत | भक्त बहादुर राउत | सहुलियतपुर्ण कर्जा | ३४,३९,६२२।- | ५,८५,१८०।- | ४०,२४,८०२।- |

**फर्मको दर्ता नं :** ७५३३/४८१/०७७/७८ **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर महोत्तरी, **दर्ता मितिः** २०७७।०८।१७ **पान नंः** ३०५६८९९७१ **दर्ता मिति** २०६९।११।२३

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| डम्बर बहादुर राउत | बर्दिबास ०७ | १८३०७३/८७३ | महोत्तरी २०६३।१०।०७ | चन्द्र बहादुर राउत | भक्त बहादुर राउत |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | अच्चुत्तम प्रसाद रिसाल | बर्दिबास ०१ | ०४९२३५५४ महोत्तरी २०५२।०७।१४ | बाबुराम रिसाल | कूल प्रसाद रिसाल | सरल कृषि कर्जा र व्यत्तिगत ओ.डी.कर्जा | ५०,९४,३००।- | ७,६५,७३८।- | ५८,६०,०३८।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| प्रतिमा कुमारी कोइराला | बिजलपुरा ०२ | १८३०६३/१३ | महोत्तरी २०६३।१०।१६ | अच्चुत्तम प्रसाद रिसाल | बाबुराम रिसाल |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | खिबराज खड्का | बर्दिबास ०२ | ०४९२४५०३ महोत्तरी २०४४।१०।१२ | भक्त बहादुर खड्का | भैरव बहादुर खड्का | सरल कृषि कर्जा र व्यत्तिगत ओ.डी.कर्जा | ४५,००,०००।- | ८,०५,२०५।- | ५३,०५,२०५।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| चित्रकला खड्का | बर्दिबास ०२ | ०४९२६८४७ | महोत्तरी २०६०।१०।१९ | खिबराज खड्का | भक्त बहादुर खड्का |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | रातु ड्रिलिंग प्रा.ली. प्रो.पुष्पराज स्यार्दिन | बिजलपुरा ०६ | १८२६२२२०३ महोत्तरी २०४४।११।१४ | दान बहादुर स्यार्दिन | मैदन सिंह स्यार्दिन | सरल कृषि कर्जा र संस्थागत ओ.डी.कर्जा | २०,००,०००।- | ३,८५,३७६।- | २३,८५,३७६।- |

**फर्मको दर्ता नं :** ३१६९/९०/०६८/०६९ **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर महोत्तरी, **दर्ता मितिः** २०६८।०८।०१ **पान नंः** ३०५३७९२१० **दर्ता मिति** २०६८।१०।०९

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| पुष्पराज स्यार्दिन | बिजलपुरा ०६ | १८२६२२२०३ | महोत्तरी २०४४।११।१४ | दान बहादुर स्यार्दिन | मैदन सिंह स्यार्दिन |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | महेन्द्र महतो | बर्दिबास १३ | १८२६३०३० महोत्तरी २०५४।०४।१३ | सुवश महतो | दुखि महतो | सरल कृषि कर्जा र घरायसी कर्जा | २२,००,०००।- | २,१८,९५६।- | २४,१८,९५६।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सुनिता देवी महतो | बिजलपुरा ०५ | ४०० | सर्लाही २०६१।१०।१२ | महेन्द्र महतो | सुवश महतो |

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | मिलन वस्त्रालय प्रो.राम नारायण महतो | बिजलपुरा ०८ | १८२६२४१२ महोत्तरी २०४६।११।२३ | रामदेव महतो | मखन महतो | व्यापार कर्जा | १३,००,०००।- | २,०२,८४२।- | १५,०२,८४२।- |

**फर्मको दर्ता नं :** १६०५/१३/०६८/०६९ **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर महोत्तरी, **दर्ता मितिः** २०६९।०३।१७ **पान नंः** ३०५५४६०५४ **दर्ता मिति** २०६९।०३।१७

**प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे |
|---|---|---|---|---|---|
| राम नारायण महतो | बिजलपुरा ०८ | १८२६२४१२ | महोत्तरी २०४६।११।२३ | रामदेव महतो | मखन महतो |

(बाँकी पृष्ठ ७ मा)

# जलवायु परिवर्तन जोगाउन अमेरिका पुगेका मिथिला कला



काठमाण्डु । आँपको बगैँचामा झुला । हल्का हावाको बहाव अनि त्यही हावासँगै झुलामा नतमस्त रमाइरहेका नारीहरु । यो आकृति चित्रकार एससी सुमनले 'आँपको बगैँचामा झुला' शीर्षकमा केन्द्रित भई कोर्नुभएको मिथिला चित्रकला हो ।

सुमनले तीन वर्षअघि उहाँको गाउँमा देखिएको दृश्यलाई मिथिला चित्रमार्फत क्यानभासमा उतार्नुभयो । आँप, बगैँचा र नारीसँगको साइनो के छ ? यस्तै थुप्रै जिज्ञासाका साथ यतिबेला उहाँको चित्र अमेरिकाका दर्शकले नियालिरहेका उहाँले बताउनुभयो । चित्र अमेरिकामा पठाएर स्वदेशमै रहनुभएका चित्रकार सुमनले भन्नुभयो, "गाउँको मिथिला संस्कृतिले विदेशमा चर्चा बटुल्दा उत्साहित भएको छु । धेरै साथीहरुले सामाजिक सञ्जालबाट चित्रको प्रशंसा गरिरहनुभएको छ ।"

सुमनका अनुसार चित्र प्राचीन मिथिला सभ्यतासँग जोडिएका छन् । "मिथिला संस्कृति प्रकृतिबिना अपूरो छ", उहाँले चित्रको वर्णन गर्दै भन्नुभयो, "जनकपुरकी सीतामाता धर्तिपुत्री हुन् । नारी र प्रकृति एकआपसमा अपरिहार्य छन् भन्ने देखाउन खोजेको हुँ ।"चित्रकार सुमनले प्रकृति र मिथिला सभ्यताको गहिरो सम्बन्धमा विस्तारै जलवायु परिवर्तनको प्रभाव देखापर्ने डर रहेको बताउनुभयो । पोखरी, नदी र कुवाको पूजा गर्ने मिथिलावासीले अब पानीको सङ्कट खेप्नु परिरहेकाले यो विषय चुनौतीपूर्ण बन्दै गएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार चित्रमा देखिए जस्तो जलवायुको प्रभावले बगैँचामा आँप नै नफल्ने हो कि भन्ने चिन्ताले सताउँन थालेको छ । "चित्रमा आँप देखेरै चित्त बुझाउनुपर्ने स्थिति आउन सक्छ", सुमनले भन्नुभयो, "गाउँको सौन्दर्य प्रकृति जोगाउनुपर्छ भन्ने सन्देश चित्रमार्फत दिएको छु ।" तीन दशकदेखि मिथिला कलामा निरन्तर क्यानभास रङ्ग्याइरहनुभएका सुमनका जलवायु परिवर्तनसम्बन्धी १० वटाचित्र यतिबेला संयुक्त राज्य अमेरिकाको मुख्यालयमा प्रर्दशित छन् । उहाँको चित्रसँगै सेलो यादव, सुधीर कर्ण, कोमल पूर्वे, निर्मला राम, मन्जुला ठाकुर, रेवती मण्डल, अमृता दत्त, नम्रता सिंह, सिवाङ्गी सिंह, शैली झा, नुपुर निशिथ, मनिषा साह, प्रतिक रायमाझी गरी नेपाली र भारतीय मिथिला कलाकारका कला प्रदर्शनीमा राखिएका छन् ।

प्रदर्शनीमा जलवायु परिवर्तनको विषयवस्तुलाई सम्बोधन गर्ने धेरै उल्लेखनीय कलाकृति राखिएका मिथिला सेन्टर अमेरिकाका अध्यक्ष अमितप्रताप सिंहले बताउनुभयो । मुख्यालयमा 'आर्ट फर एसडिजिएस : द मिथिला हेरिटेज' शीर्षकमा कला प्रदर्शनी सुरु भएको छ । यही जुलाई ८ देखि १७ (असार २४ देखि साउन २ गते) सम्म हुने प्रर्दशनीलाई नेपालका स्थायी नियोग, न्यूर्योकस्थित नेपाली महावाणिज्य दूतावास र मिथिला सेन्टर अमेरिकाले संयुक्त रुपमा आयोजना गरेका हुन् ।

"सुमनले बनाएको चित्रमा प्रकृति र मानव सभ्यताको अन्तरसम्बन्ध झल्काउँछ । खासगरी मनसुनको स्वागत गर्दै मिथिला नगरका युवती आपँको बगैँचामा रमाउँछन् । खेल्छन्, कुद्छन् । चित्रकार समुनले रसिला आँपलाई युवतीको हुर्किदो यौवन र बढ्दो इच्छाको प्रतीक मान्नु भएको छ", मिथिला सेन्टरका अध्यक्ष सिंहले भन्नुभयो । उहाँले सिर्जना गर्नुभएको 'महिला र पानी' शीर्षकको चित्रले प्राकृतिक जलस्रोत महिलाको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने भाव झल्किन्छ ।

महिला नुहाउने खेल खेलिरहेको जस्तो रोमाञ्चक दृश्य देखाउँदै युवावस्था र सौन्दर्यलाई जगाउन पानीका छाल र हावाको धारा महत्वपूर्ण रहेको सन्देश चित्रले दिने सिंहले बताउनुभयो । "चित्रकार सुमनको अर्को जलवायु परिवर्तनसम्बन्धी 'साइकल र स्वच्छ हावा' शीर्षकको चित्र हो । उक्त शीर्षकको चित्रले वातावरण जोगाउन मिथिला नगरको प्राचीन ज्ञान दर्शाउँछ", उहाँले भन्नुभयो ।

चित्रकार समुनले भन्नुभयो, "विश्वमा वातावरण संरक्षण गर्नुपर्ने सभ्यताको चर्चा अहिले मात्रै सुरु भएको छ । तर, हाम्रो मिथिला सभ्यतामा प्रकृति संरक्षण प्राचीन जीवन शैली हुन् ।" चित्रले पनि वायु प्रदुषण कम गर्नमा साइकलको भूमिकालाई केन्द्रविन्दुमा राखेको उहाँले बताउनुभयो । यसले सवारीसाधनको कार्बन उत्सर्जनलाई साइकलको स्वच्छ, मानव-सञ्चालित यातायातसँग तुलना गरेको उहाँको भनाइ छ ।

संयुक्त राज्य अमेरिकामा प्रदर्शन भएका मिथिला कला प्रदर्शनीले सांस्कृतिक सम्पदा र विश्वव्यापी दिगोपनको अनुपम संयोजन रहेको मिथिला सेन्टरका अध्यक्ष सिंहले बताउनुभयो । सन् २०१९ देखि निरन्तर रुपमा अमेरिकामा मिथिला आर्ट प्रदर्शनी गर्दै आइएको बताउँदै उहाँले यस पटक संयुक्त राष्ट्र सङ्घको 'दिगो विकासका लक्ष्य'सँग मिल्दोजुल्दो मिथिला कला प्रदर्शनी गर्दा प्रभावकारी रहेको बताउनुभयो ।

जलवायु परिवर्तन र यसका असर न्यूनीकरण गर्न अपनाउन सकिने उपाय, वातावरणीय चेतना बढाउन सांस्कृतिक सम्पदाको भूमिकालाई सेन्टरले जोड दिँदै आएको सिंहले जानकारी दिनुभयो । संयुक्त राष्ट्र सङ्घको ७८ औँ महासभाका अध्यक्ष श्री डेनिस फ्रान्सिसले आज (अमेरिकाको समय अनुसार) प्रदर्शनीको उद्घाटन गर्ने कार्यसूची रहेको सिंहले जानकारी दिनुभयो । प्रदर्शनी जुलाइ ८ देखि सुरु भए पनि औपचारिक उद्घाटन भने आज हुन लागेको हो ।

मिथिला हेरिटेजले दक्षिणी नेपाल र उत्तरी भारतको मिथिला क्षेत्रका मानिसको समृद्ध संस्कृतिलाई मूर्तरूप दिन खोजको छ । प्रदर्शनीले प्राचीन परम्परालाई महाकाव्य रामायण र अन्य हिन्दू साहित्यको ज्ञान र कथासँग मिसाएको सिंहले बताउनुभयो । उहाँका अनुसार नेपाललाई चिनाउने आधार हिमाल र बुद्ध मात्रै नभई मिथिलाको कला सभ्यता पनि हो । 'कल्चरल टुरिज्म' प्रवर्द्धन गर्न सके मुलुकको अर्थतन्त्रमा सुधार हुँदै जाने उहाँको बुझाइ छ ।

पछिल्ला केही वर्षमा संस्थामार्फत मिथिला कलालाई अमेरिकामा लोकप्रिय बनाइँदै गइएको सेन्टरका अध्यक्ष सिंहले बताउनुभयो । "यो अभियानका रुपमा सञ्चालन गरिरहेका छौँ । विडम्बना के छ भने जति विदेशमा मिथिला लोकप्रिय छ उति स्वदेशमा छैन", उहाँले भन्नुभयो, "हामीले स्वदेशमा पनि मिथिला कला सभ्यता प्रवर्द्धन गर्न स्थानीय सरकारसँगको समन्वयमा विविध कार्यक्रम गर्दै आएका छौँ ।"

मिथिला कला धान्ने महिला हुन् । शताब्दियौँ पुरानो भित्ते चित्रकला परम्परा अहिले क्यानभाससम्म आइपुग्दा यसको व्यावसायिक रुप दिन जरुरी रहेको सिंहको भनाइ छ । धार्मिक, सांस्कृतिक, पौराणिक कथा समेटिएका मिथिला चित्रकला विदेशीको रोजाइमा परेका छन् । मुलुकको पहिचान बोकेका कलाको प्रवर्द्धन गर्नुपर्ने उहाँले बताउनुभयो । यस्ता कार्यले गरिब ग्रामीण समुदायका महिलाको जीवनस्तर पनि सुधार हुँदै नयाँ उद्योग सञ्चालन गर्ने वातावरण सिर्जना भएको उहाँले बताउनुभयो ।चित्रकार सेलो यादवको 'चिलाउने गर्मी र यसको कठोर प्रभाव' को चित्रकलाले संयुक्त राष्ट्र सङ्घको 'दिगो विकास लक्ष्य १३: क्लाइमेट एक्सन' सँग मिल्दोजुल्दो छ । जलवायु परिवर्तनको गम्भीर असर उक्त चित्रमा प्रस्तुत गरिएको छ । चिसो ठाउँ खोज्न भौतारिएका चरा, उचित खानाबाट वञ्चित बालबालिकाका आकृतिले प्रकृति र पोषणमा चरम गर्मीको असर झल्काउँछ ।

सुधीर कर्णको चित्रमा जलवायु परिवर्तनले पहाडी क्षेत्रमा पानीको लागि सङ्घर्ष गर्नुपरेको स्थिति देखाउँछ । कोमल पूर्वेले अप्रत्याशित जलवायु र यसको गम्भीर परिणाम चित्रमा उतार्नुभएको छ । निर्मल रामको मिथिला लोक चित्रकलामा चर्को गर्मी र चिसोमा महिलाले खाना पकाउँदै गरेका छन् भने असहज अवस्थाका कारण बालबालिकाले राम्ररी खान नपाउने र बान्ता गरिरहेको स्थिति देख्न सकिन्छ । मञ्जुला ठाकुरले चित्रमार्फत जलवायु परिवर्तनको कारण प्राकृतिक जीव सङ्कटमा परेको आकृति उतार्नुभएको छ ।

पहिले प्रशस्त वर्षा हुँदा पशुसँगै मानिसमा खुसी हुने अवस्था रहेकामा अहिले वर्षा नहुँदा घरपालुवा जनावर र चराचुरुङ्गीले कठिनाइको सामना गर्नुपरेको चित्र पनि प्रदर्शनीमा राखिएका छन् । यस्ता मार्मिक कलाकृतिले सन्तुलन पुनःस्थापित गर्न र सबै जीवित प्राणीको कल्याण गर्न जलवायु कार्यको तत्काल आवश्यकतालाई केन्द्रित गरेको छ । चित्रकार रेवती मण्डलले भने चित्रमा नै वर्षाको लागि प्रार्थना गरेको आकृति उतार्नुभएको छ ।

"मनसुनको समयमा वर्षा नहुनुले अन्नको अभाव भएको छ । वर्षाका लागि पुरुष र महिला प्रार्थना गर्न बाध्य छन् । कतिपय क्षेत्र खडेरीले ग्रस्त छन् भने कतिपयले अत्यधिक वर्षाको सामना गरिरहेकाले जलचर जनावर सङ्घर्ष गरिरहेका छन् । यो कलाकृतिले यी चरम मौसमी ढाँचा, खाद्य सुरक्षा र इकोसिस्टममा परेको प्रभावलाई सम्बोधन गर्न जलवायु कार्यको आवश्यकतालाई जोड दिन्छ", मिथिला सेन्टरका अध्यक्ष सिंहले भन्नुभयो ।

चित्रकार मनिषा साहको ' जलवायु कार्यको प्रतिबिम्ब' शीर्षकको चित्रले जलवायु कार्यको दोहोरो प्रभावलाई देखाउँछ । पृथ्वीलाई अर्धवृत्ताकार संरचनामा चित्रण गर्दछ । एकातिर जलवायु परिवर्तनको असरबाट पृथ्वी शोकमा डुबेको छ भने अर्कोतर्फ रोकथामका उपाय अपनाएपछि हर्षित छ ।यो भावलाई पुष्टि गर्न मनिषाले चित्रको केन्द्रमा, एक पुरुष र महिलाले बिरुवालाई पानी दिँदै गरेको आकृति उतारर्नुभएको छ ।रासस

# साठी अर्ब भुक्तानी नहुँदा निर्माण व्यवसायी मर्कामा




काठमाण्डु । चालु आर्थिक वर्ष समाप्त हुन चार दिन बाँकी रहँदा आफूहरूले राज्यबाट रु ६० अर्ब भुक्तानी लिन बाँकी रहेको बताएका छन् ।

नेपाल निर्माण व्यवसायी महासङ्घले विहिबार पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिँदै भुक्तानीको अविलम्ब व्यवस्था गर्न सरकारसँग माग गरेको छ । महासङ्घका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीहरूको अर्बौं रकम भुक्तानी नहुँदा 'आपूर्ति चक्र' नै अस्तव्यस्त भई निर्माणसँग सम्बन्धित उद्योगहरु नै बन्द हुने स्थिति उत्पन्न भएको बताउनुभयो ।"बैंकको किस्ता र अन्य कर तिर्न नसकी हजारौं व्यवसायी मात्र प्रताडित भएका छैनन्, उनीहरूमा आश्रित उद्योग तथा परिवारमा मनोवैज्ञानिक दबाब परेको छ" अध्यक्ष सिंहले भन्नुभयो ।

आर्थिक वर्षको अन्त्यमा स्रोत सुनिश्चिता नभई ठेक्का लगाएकाले रकमान्तर गर्न नसकिने जनाउ अर्थ मन्त्रालयले दिएका कारण हजारौं व्यवसायी प्रभावित भएका उहाँले बताउनुभयो ।यही २०८१ असार मसान्तसम्ममा सबै रकम भुक्तानी नदिए बाध्य भएर आन्दोलन गर्नुको कुनै विकल्प नभएको उहाँले बताउनुभयो । विभिन्न जिल्लाका आफ्ना सहकर्मी आन्दोलनमा उत्रिएका जानकारी दिँदै उहाँले त्यस्तो परिस्थिति ननिम्तियोस् भन्नेमा आफूहरू रहेको अध्यक्ष सिंहले बताउनुभयो ।रासस

## ५० प्रतिशत रोपाइँ

गण्डकी । असार तेस्रो सातासम्ममा गण्डकी प्रदेशमा करिब ५० प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । सबैभन्दा बढी कास्कीमा छ हजार नौ सय ७५ हेक्टर र सबैभन्दा कम गोरखामा चार सय ५६ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका प्रमुख वासुदेव रेग्मीका अनुसार यो वर्ष प्रदेशभरिमा करिब ९८ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने अनुमान छ । केही दिनयता मनसुन सक्रिय भएकाले किसान रोपाइँमा व्यस्त रहेका छन् । यही असार १५ गते सम्ममा प्रदेशमा १५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएकामा त्यसयता बढेर ५० प्रतिशत पुगेको उहाँले जानकारी दिनुभयो । रासस

## नेप्से परिसूचक बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहिबार पनि उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार विहिबार नेप्से परिसूचक २९ दशमलव २१ अङ्कले उकालो लागेर दुई हजार दुई सय चार दशमलव ६१ मा पुगेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ९० अङ्कले उकालो लागेर तीन सय ९१ दशमलव ६६ मा पुगेको छ । नेप्सेका अनुसार कूल दुई करोड दुई लाख ३७ हजार सात सय ८० कित्ता शेयर रु सात अर्ब आठ करोड छ लाख ९८ हजार एक सय ४६ मूल्यमा कारोबार भएको छ ।



बलेफी हाइड्रोपावर नौ दशमलव ९९, सिटिजन सुपर ३० म्युचुअल फण्ड नौ दशमलव ९७, एनआइबिएल स्टेबल फण्ड नौ दशमलव ८३, जानकी फाइनान्स आठ दशमलव ७६ र सिटिजन म्युचुअल फण्ड दोस्रोका लगानीकर्ताले सात दशमलव ८२ प्रतिशतले कमाएका छन् । समाज लघुवित्त चार दशमलव ५९, साधना लघुवित्त चार दशमलव ५६, एनएमबी-५० चार दशमलव १३, सेञ्चुरी डिबेञ्चर तीन दशमलव ९१ र गुडबिल फाइनान्सका लगानीकर्ताले तीन दशमलव ८२ प्रतिशतले गुमाएका छन् ।रासस


| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | टेक बहादुर डिङडोङ | बर्दिबास ०४ | १८१०७६/२९० महोत्तरी २०५४।०४।१३ | सुनाम सिंह डिनडोम | संजर सिंह | सरल कृषि कर्जा | ६,००,०००।- | १,६२,६३२।- | ७,६२,६३२।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सुनाम सिंह डिमदोङ | बर्दिबास ०४ | ३६४११५६० | सर्लाही २०४०।०१।१८ | संजर सिंह | अैत सिंह |

| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | वासुदेव पासवान | बर्दिबास १३ | १८२६३८६९ महोत्तरी २०६३।०७।०२ | सौदागर पासवान | गोनौर पासवान | सरल कृषि कर्जा | २०,००,०००।- | ५,५७,४४२।- | २५,५७,४४२।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बचिया देवी | बर्दिबास १३ | ६६७४-२०८८ | महोत्तरी २०४४।१२।२५ | सौदागर पासवान | गोनौर पासवान |

| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं. जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१ जेष्ठमसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १३. | नर बहादुर स्यार्दिन | बर्दिबास १३ | १८२६०४५७ महोत्तरी २०४६।०७।२८ | दान बहादुर स्यार्दिन | मरदन सिंह | सरल कृषि कर्जा | १५,००,०००।- | ४,५५,३०७।- | १९,५५,३०७।- |

**धितो मन्जुरीदिने/जमानतदिनेहरुको नाम:**

| नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राज कुमारी तामाङ् | बर्दिबास १३ | १२८६६६१७ | धनुषा २०४४।११।१७ | नर बहादुर स्यार्दिन | दान बहादुर स्यार्दिन |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर



**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

**(प्रकाशित मिति २०८१/०३/२८ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको सााँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री मत्सय सहकारी संघ लिमिटेड । धनुषा रजिष्टर्ड ठेगाना : जनकपुर -१, धनुषा । हालको ठेगाना जनकपुर उपमहानगरपालिका -१, धनुषा । दर्ता नं: १३९४/२०७०/०७१**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : संजय कुमार साह तेली (अध्यक्ष जमानीकर्ता)**
बाबु : राम श्रेष्ठ साह तेली
बाजे : रामस्वरुप साह
ना प्र नं. : ९४८१३२४८
ठेगाना : ठाढीभिझा-४,धनुषा

**२) नाम : परमेश्वर साह (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : विरजु साह तेली
बाजे : जयलाल साह
ना प्र नं. : ६११२२५०५
ठेगाना : पौडेश्वर-२, धनुषा

**३) नाम : विमला साह (सचिव जमानीकर्ता)**
बाबु : लक्ष्मी प्रसाद साह
बाजे : पुलकित साह
ना प्र नं. : ३३०२१५१४
ठेगाना : गिध्दा-८,धनुषा

**४) नाम : आनन्द कुमार झा (संचालक जमानीकर्ता)**
बाबु : हृदय कान्त झा
बाजे : रघुनन्दन झा
ना प्र नं. : २९२७४२३५
ठेगाना : दुहवी-६,धनुषा

**५) नाम : मिना देवी साह (संचालक जमानीकर्ता)**
बाबु : राम करण साह
बाजे : दशरथ साह
ना प्र नं. : १७३०१४/१०४४
ठेगाना : ठाढीभिझा-४,धनुषा

**६) नाम : मनोज कुमार साह (संचालक जमानीकर्ता)**
बाबु : लखन साह तेली
बाजे : रामेश्वर साह
ना प्र नं. : ३२६३८७७८
ठेगाना : घोडघास-८, धनुषा

**७) नाम : मथुरा मण्डल (संचालक जमानीकर्ता)**
बाबु : कानु मण्डल, बाजे : सोनाइ मण्डल
ना प्र नं. : ६७८४१३०३, ठेगाना : पचहर्वा-४, धनुषा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री लुटन महराको बुहारी श्री सोभित महराको श्रीमति धनुषा जिल्ला ठाढीभिझा वडा नं. ७ बस्ने श्री राम सुनैर देवी महराको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला ठाढीभिझा वडा नं. ६ ख को कित्ता नं. २४२ को क्षेत्रफल क्रमश ०-१९-६-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री इश्वर यादवको बुहारी श्री शिवु यादवको श्रीमति धनुषा जिल्ला बेंगा शिवपुर वडा नं. ३ बस्ने श्री प्रतिज्ञा देवी यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला बेंगा शिवपुर वडा नं.३ क को कित्ता नं. १७०९ को क्षेत्रफल क्रमश ०-१-१२-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# साउदीमा नेपाली साथीको हत्या गर्ने रामआशिष फाँसीबाट जोगिए, ४६ लाख 'ब्लड मनी' लेनदेन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका- १७ का रामआशिष यादव साउदीमा नेपाली साथीको हत्याको अभियोगबाट उन्मुक्ति पाउने भएका छन् ।

उनले साउदी अरबमा नेपाली साथीको हत्या गरेको अभियोगमा फाँसीको सजाय पाएका थिए ।

वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा रहेका यादवले सँगै एउटै कोठामा बस्ने रुपन्देहीको कञ्चन गाउँपालिका- ४ का दुर्गाप्रसाद शर्मालाई विवादको क्रममा छुरा प्रहार गरी हत्या गरेका थिए । दुर्गाप्रसादको घटनास्थलमै मृत्यु भएको थियो । सोही हत्यामा रामआशिषलाई ५ वर्षको जेल सजाय तोकिएको थियो । ५ वर्षपछि दुवै जनाको परिवारको बीचमा ब्लड मनीमा सम्झौता नभएमा अन्तिम विकल्प फाँसीमा जाने अदालतले फैसला गरेको थियो ।

अदालतको निर्णय कन्सुलर विभाग हुँदै सोको जानकारी जिल्ला प्रशासन कार्यालय रुपन्देहीलाई पनि प्राप्त भयो । रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले यादवलाई बचाउन सकिन्छ कि भनेर तदारुकता देखाए । रेनुकुमारीका मामा प्रभु यादव पनि भाञ्जा ज्वाइँ रामआशिषलाई माफीको आशासहित रुपन्देही पुगेका थिए । प्रमुख जिल्ला अधिकारी अर्याल र प्रभु मृतक दुर्गाप्रसाद शर्माकी श्रीमती सीता शर्मासित माफीको अपेक्षासहित घर पुगे ।

सुरुमा पीडित सीताले बेवास्ता गर्दै आए पनि तीन महिनापछि प्रमुख जिल्ला अधिकारी अर्यालको पहलमा भने कुरा मिलेको छ ।

फाँसी सजायबाट जोगाउनका लागि कञ्चन गाउँपालिकाका अध्यक्ष, जिल्ला समन्वय प्रमुख उमाकान्त चपाईंलगायतको लगातारको पहल पछि पीडित सीताले ५० लाख रुपैयाँ ब्लड मनी लिएर आममाफी दिन तयार भएकी छन् ।

सन् २०१८ मा साउदी अरबमा धनुषाको जनकपुर उपमहानगरपालिका- १७ घर भएका रामआशिष यादव र रुपन्देहीको कञ्चन गाउँपालिका- ४ का दुर्गाप्रसाद शर्मा एउटै कम्पनीमा काम गर्दै आएका थिए । दुवै जनाको कोठा पनि एउटै थियो । सन् २०१८ को अक्टोबर ६ तारिखमा कोठामै खानपान गरेर रमाइरहेकै बेलामा सामान्य विवादमा यादवले दुर्गालाई छुरा प्रहार गर्दा उनको घटनास्थलमा मृत्यु भएको थियो ।

साउदीको ताबुक क्रिमिनल कोर्टले सन् २०२० को डिसेम्बर २० मा हत्या गरेको प्रमाणित गर्दै यादवलाई तत्कालको लागि ५ वर्ष कैद सजायको फैसला गरेको थियो । ५ वर्षपछि दुवै जनाको परिवार बीचमा ब्लड मनीमा सम्झौता नभएमा अन्तिममा फाँसी हुने समेत फैसलमा किटान गरिएको थियो ।

# नगरवासीको सुरक्षा र अपराध रोक्न सीसीटिभीको निगरानी



**टुडे समाचारदाता**

राजविराज । नगरक्षेत्रमा सडक र सार्वजनिक स्थानमा हुने गतिविधिमा निगरानी तथा अपराध रोक्न राजविराज नगरपालिकाले मुख्य बजार क्षेत्रमा सीसीटिभी क्यामेरा जडान गरेको छ ।

अपराध नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउन नगरपालिकाले जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वयमा राजविराज नगरको विभिन्न स्थानमा १ सय २३ वटा सीसीटिभी क्यामेरा जडान गरेको छ । नगरमा सर्वाधिक चहल पहल हुने गजेन्द्र चोक, दशन चोक, अदालत रोड, रुपनी वस स्टेण्ड, पानी टकि रोड, सिरहा रोड, ज्वेलरी पसल क्षेत्र लगायतका स्थानलाई प्राथमिकतामा राखी १ सय २३ वटा सीसीटीभी क्यामेरा जडान गरिएको राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद गुरुंगले जानकारी दिए ।

आर्थिक वर्ष २०८०/०८१ को नगरसभाले नगरक्षेत्रमा सीसीटीभी क्यामेरा जडानका लागि ५० लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको थियो । सोही बजेटबाट सीसीटीभी क्यामेरा जडान कार्य गरिएको उनको भनाइ छ । यद्यपि सो कार्यमा हालसम्म बजेट भन्दा बढी ६ लाख रुपैयाँ थप गरी कुल ५६ लाख रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत गुरुंगले बताए ।

अपराध नियन्त्रण र अनुसन्धानमा सीसीटिभी क्यामेरा प्रभावकारी देखिएकाले नगरमा सीसीटिभी क्यामेरा जडान गरिएको राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीनले बताइन् । क्यामेराले रातको समयमा पनि करिब ४ सय मिटरको दुरी सम्म सवारी साधन र मोटरसाइकलको नम्बर सजिलै पढन सकिन्छ, उनले भनिन- लामो समय सम्म नगरमा हुने गतिविधिको डाटा स्टोर गर्न सक्ने क्षमता समेत भएको क्यामेराहरु जडान गरिएको छ ।"

रातको समयमा क्यामेराको भिजनलाई राम्रो बनाउन विभिन्न स्थानमा ५ थान उच्च क्षमता भएको फ्लोड लाइट र १३ थान मिनी फ्लोड लाईट समेत जडान गरिएको उनले बताइन् ।

यसरी जडान गरिएको सीसीटिभी क्यामेरा मध्ये ९० वटा जिल्ला प्रहरी कार्यालय र बाँकी नगरपालिकाले निगरानी गर्ने योजना बनाइएको उनको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले अपराध नियन्त्रणमा प्रभावकारी भुकिका खेल्ने सीसीटिभी क्यामेरा जडानले नगरको गतिविधी सीसीटीभीको स्क्रिनबाट नियाल्न सहज भएको बताए । सडकबाट साइकल, मोटरसाईल चोरी देखि ठूला आपराधिक घटनाको अनुसन्धानमा पनि सीसीटिभी क्यामेरा प्रभावकारी हुने गरेको छ, उनले भने- विभिन्न कोणबाट घुम्न सक्ने र झण्डै ७/८ सय मिटर सम्म जुम गरी हेर्न मिल्ने क्यामेराले नगरमा शान्ति सुरक्षा र अपराध अनुसन्धानमा ठूलो मदत पुऱ्याउने छ ।" उनले जिल्ला प्रहरी कार्यालयमा एउटा छुट्टै कक्षको स्थापना गरी निगरानीका लागी मोनिटर र अन्य उपकरण जडान गरिएको जानकारी पनि दिए ।

शहरमा अपराध नियन्त्रणमा सीसीटिभी सर्भिलियन्स उत्तम उपाय मानिन्छ । नगरवासीको सुरक्षाका लागी नगरलाई सुरक्षा कवच भित्र राख्न नगरपालिकाले गरेको प्रयास प्रसंसनिय रहेको भन्दै नगरवासीले यसको नियमित रेखदेख र मर्मत सम्भारमा समेत नगरपालिका उत्तिकै सकृय रहनु पर्ने सुझाव दिए ।

# आँप टिप्ने विषयमा हत्या



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा एक युवालाई छुरा प्रहार गरी हत्या गरिएको छ ।

जिल्लाको ईशनाथ नगरपालिकामा १७ वर्षीय किशोरको हत्यामा संलग्न भएको आरोपमा दुई युवालाई प्रहरीले पक्राउ गरेको छ ।

हत्या गरेको आरोपमा पक्राउ पर्नेमा बौधीमाई नगरपालिका-१ बौधापतौरा घर भई हाल ईशनाथ-३ स्थित मामा घर बस्दै आएका १८ वर्षीय दशई साह र १९ वर्षीय रोशन साह रहेका छन् ।

मंगलबार पक्राउ परेका दशई र रोशनलाई बुधबार पत्रकार सम्मेलनमार्फत प्रहरीले सार्वजनिक गरेको छ । उनीहरुमाथि ईशनाथ-९ लवातना गाउँका १७ वर्षीय सहबाज मियाँ आलमको पेटमा धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोप छ ।

रौतहट प्रहरीका प्रहरी नायब उपरीक्षक एलिजा गिरीले दिएको जानकारी अनुसार मंगलबार राति आलमलाई नजिकैको आँपको बगैंचामा शौच गर्न गएको मौका छोपेर दशई र रोशनले रड, छुरा प्रहार गरी हत्या गरेका थिए । आँप टिपेको विषयमा विवाद हुँदा दशई र रोशनमाथि भएको कुटपिटको बदलामा आलमको हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

# क्याम्पसमा वडाध्यक्ष छात्रवृत्ति वितरण

**टुडे समाचारदाता**

राजविराज।सप्तरीको रूपनगर क्याम्पसका छात्र-छात्राहरूलाई एक समारोहबीच 'वडा अध्यक्ष छात्रवृत्ति' वितरण गरिएको छ ।

जिल्लाको कञ्चनरूप नगरपालिका- १२ का वडा अध्यक्ष देवी बहादुर खत्रीको विशेष पहलमा नगरपालिकाले उपलब्ध गराएको एक लाख रूपैयाँबाट रूपनगर नन्दराज संग्रौला क्याम्पसका विद्यार्थीहरूलाई सो छात्रवृत्ति दिइएको जानकारी क्याम्पस प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले दिए ।



कञ्चनरूप-१२ का वडाध्यक्ष देवि बहादुर खत्रीले एक जना जेहेन्दार र पाँच जना विपन्न गरी छ जनालाई जनही १६ हजार ६६६ रूपैयाँका दरले छात्रवृत्ति रकमको चेक हस्तान्तरण गरेका छन् ।

क्याम्पसमा आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष खत्रीले क्याम्पसको प्रगतिका लागि आफूले सकेको सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले भने, 'यो छात्रवृत्ति रकमलाई पढाइमा हौसलाका रूपमा लिएर सदुपयोग गर्नु ।' उनले विद्यार्थीहरूलाई लगनशील भएर अध्ययनमा लाग्न सुझाव दिए ।

छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न क्याम्पसले १. कक्षामा उपस्थिति नियमितता, २. लिखित परीक्षा, ३. अन्तरवार्ता, ४. अघिल्लो परीक्षाको प्राप्ताङ्क लगायत विभिन्न मापदण्डको प्रावधान राखेर 'छात्रवृत्ति कार्यविधि' निर्माण गरेको र सोही आधारमा छात्रवृत्तिको निर्णय हुने गरेको जानकारी क्याम्पस प्रमुख प्राध्यापक गजुरेलले दिए ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित, बिबिएस पढाइ हुने रूपनगर क्याम्पसका विद्यार्थीहरूले यस वर्ष देखि ५ (पाँच) वटा छात्रवृत्ति पाउने व्यवस्था भएको जानकारी प्रा. गजुरेलले दिए ।

उहाँका अनुसार ती छात्रवृत्तिमा, १. विश्वविद्यालय अनुदान आयोगले दिने छात्रवृत्ति, २. मधेश प्रदेश सरकारको 'छोरी छात्रवृत्ति,' ३. वडा अध्यक्ष छात्रवृत्ति, ४. राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति, र ५. क्याम्पसले आफ्नै स्रोतबाट दिने छात्रवृत्ति गरी वर्षेनी पाँच वटा छात्रवृत्ति रूपनगर क्याम्पसमा भर्ना हुने विद्यार्थीहरूलाई उपलब्ध हुनेछन् ।

विश्वविद्यालय अनुदान आयोगबाट दिइने छात्रवृत्ति यस वर्ष रूपनगर नन्दराज संग्रौला क्याम्पसका २२ जना विद्यार्थीले पाए भने मधेश प्रदेश सरकारले दिने 'छोरी छात्रवृत्ति' चार जनाले पाएका छन् ।

विश्वविद्यालय अनुदान आयोगको छात्रवृत्ति एक पटक पाउने विद्यार्थीले स्नातक पढुञ्जेल ४ वर्ष सम्म प्रत्येक वर्ष १५ हजार रूपिञा पाउने व्यवस्था रहेको छ । त्यस्तै मधेश प्रदेश सरकारको छात्रवृत्तिको रकम वार्षिक २५ हजार रूपैयाँ रहेको छ ।

# जसपा नेपालको केन्द्रीय समिति घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले केन्द्रीय समितिलाई पूर्णता दिएको छ ।




जनकपुरधाममा भएको जसपा नेपालको एकताको महाधिवेशनबाट केन्द्रीय अध्यक्षमा उपेन्द्र यादवलाई चयन गरिए पनि सो समितिले भने पूर्णता पाउन सकेको थिएन ।

सो समितिलाई पूर्णता दिनका लागि सम्पूर्ण अधिकार एकल पदाधिकारी रहेका अध्यक्ष यादवलाई दिइएको थियो ।

सोही अनुसार उनले करिब एक महिनापछि उनले २१५ सदस्यीय केन्द्रीय समिति घोषणा गरेको छ ।

जेठ अन्तिममा भएको महाधिवेशनबाट अध्यक्षमा यादवलाई सर्वसम्मत चयन गरेको थियो ।

महाधिवेशनबाट निर्विरोध चयन भएका अध्यक्ष यादवले बिहीबार २१५ सदस्यीय केन्द्रीय समिति घोषणा गरेको प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

बाँकी पदाधिकारी केन्द्रीय समितिको बैठक बसेर चाँडै टुंग्याउने तयारी रहेको उनले बताए । अहिले जसपा नेपालमा अध्यक्ष यादवमात्रै पदाधिकारी छन् भने ९ जना कार्यकारिणी सदस्य छन् ।

जसपा नेपालमा अध्यक्षसहित सहअध्यक्ष १, उपाध्यक्ष ५, महासचिव २, उपमहासचिव ३, सचिव ७ र कोषाध्यक्ष १ हुने व्यवस्था रहेको छ ।

# झोलुंगोमा बिरामी बोक्नुपर्ने बाध्यता

**टुडे समाचारदाता**

मलंगवा । वर्षायाम सुरु भएसँगै सर्लाहीको चुरे भेगका विकट क्षेत्रमा झोलुंगोमा बिरामी बोक्नुपर्ने बाध्यता छ ।



खोलामा बाढी आएर गाडी चल्न छाडेसँगै चुरेका दुर्गम गाउँमा स्थानीय बिरामी पर्दा अस्पतालसम्म पुऱ्याउनका लागि झोलुंगोमा बोकेर गाडी चल्ने ठाउँसम्म ल्याउनुपर्ने बाध्यता सुरु भएको हो । झोलुंगोमा बोकेर ल्याइने बिरामीलाई गाडी चल्ने ठाउँदेखि भने एम्बुलेन्स र अन्य सवारीमा हालेर पूर्वपश्चिम राजमार्ग क्षेत्रका विभिन्न अस्पतालमा ल्याउने गरिएको छ ।

सडक नपुगेको जिल्लाकै सबैभन्दा दुर्गम भेगमा पर्ने लालबन्दी नगरपालिका-१४ स्थित नारायण खोलामा बाढी आएर खोलाको बाटो सबै बगाएपछि पैदल हिँड्नसमेत समस्या परेको छ । लालबन्दी बजारदेखि वडा नं. १३ पत्थरकोट छेडासम्म सडक पुगे पनि त्यहाँदेखि लखन्देही खोलाको बगरैबगर भई नारायण खोलासम्म पुग्नुपर्ने बाध्यता रहेको छ ।

खोलामा बाढी आएको समयमा गर्भवती तथा अन्य बिरामीलाई झोलुंगोमा हालेर पत्थरकोटसम्म ल्याउने गरिएको स्थानीय बासिन्दाले बताएका छन् । पत्थरकोटबाट भने टेप्पु, एम्बुलेन्स तथा अन्य सवारीमा हालेर बजार क्षेत्रको अस्पतालमा ल्याउने गरिएको छ ।

लालबन्दी- १४ का वडाध्यक्ष छेनामसिंह घिसिङले निरन्तर पानी परेर खोलामा बाढी आइरहँदा नारायण खोलावासीको दैनिकी कष्टकर बनेको बताए । उनले भने, "गाडी त परको कुरा अहिले त पैदल हिँडेर आउन पनि गाह्रो छ । बाढीकै कारण मङ्गलबार बजेट पास गर्न आयोजित नगर सभामा हाम्रो चार जना वडा सदस्य आउन सक्नुभएन ।"

उनले बाढी आएर एउटा पाखाको बस्तीबाट अर्को पाखाको बस्तीमा जानसमेत मुस्किल रहेको बताए । नारायण खोलाका स्थानीय बासिन्दा बिरामी पर्दा अहिले पनि झारफुक र धामी झाँक्रीको भर पर्छन् । गम्भीर बिरामी परेका व्यक्ति तथा गर्भवतीलाई मात्रै झोलुंगोमा हालेर अस्पताल ल्याउने गरिएको छ । केही दिनदेखि खोलामा निरन्तर बाढी आएका कारण नारायण खोलासम्म ट्र्याक्टरसमेत चल्न सकेको छैन ।

अरू बेला खोलाको बगरबाट मोटरसाइकल दौडिने गरे पनि बाढी आएकाले स्थानीयवासीसँग भएको मोटरसाइकल घरमै थन्किएको छ । अत्यावश्यक काम परेकाहरू बाढीमै हेलिएर पत्थरकोटसम्म आएर टेम्पो तथा अन्य सवारीमा लालबन्दी बजार झरिरहेका छन् । नारायण खोलाको माथिल्लो भेग अर्थात् सिन्धुलीको सीमा क्षेत्रमा पर्ने डाइनी शिर, मगने शिर, मत्से, कामिटारलगायतका ठाउँबाट पत्थरकोटसम्म पैदल हिँडेर आउनु परे चार घण्टाभन्दा बढी समय लाग्छ । नारायण खोलाको झैं लालबन्दी नगरपालिकाको वडा नं. १५ मा पर्ने शिर कालिन्जोर, भित्री खोला, ईश्वरपुर नगरपालिकाको शिर फूलजोर, पिपलदमार, लामिदमार, सिस्नेखर्कलगायत क्षेत्रमा पनि खोलाबाट गाडी चल्न छाडेसँगै स्थानीयको दैनिकी कष्टकर रहेको छ ।

# महतोलाई राष्ट्रिय प्रतिभा युवा पुरस्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । ब्लड फर नेपालका संस्थापक अध्यक्ष सरोज कुमार महतो राष्ट्रिय प्रतिभा युवा पुरस्कारबाट सम्मान गरिएको छ ।




युवा तथा खेलकूद मन्त्रालय काठमाण्डुले महतोसहित सामाजिक क्षेत्रमा विशेष योगदान गरेका युवाहरुलाई सम्मान गरेको छ ।

एक समारोहबीच मन्त्रालयले राष्ट्रिय युवा प्रतिभा पुरस्कार र युवा पत्रकारीता पुरस्कार साथै पुरुष क्रिकेट खेलाडीहरुलाई सम्मान गरेको छ । सो क्रममा मन्त्रालयका सचिव सुमनराज आर्याल महतोलाई खादा लगायत कदरपत्रले सम्मान गरेको छन् ।

उनलाई प्रदान गरिएको युवा प्रतिभा पुरस्कारको राशि १ लाख रुपैयाँ रहेको जनाइएको छ ।

धनुषाको बटेश्वर गाउँपालिका- ३ घर का महतो विगत १० वर्ष देखि रगतको क्षेत्रमा काम गर्दै आएका छन् ।

महतोले ब्लड फर नेपाल नामक संस्था खोलेर देशर रक्तदानको विषयमा सचेतना फैलाउने तथा रगत अभाव भएको बेला समन्वय गरी उपलब्ध गराउने कार्य गर्दै आएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८